ISSN 2661-6432

इक लिब्जु-भुम्जु

• वर्ष ५ • अङ्क २ • कात्तिक-पुस, २०७५

त्रैमासिक

वाम्बुले राईको मृत्यु संस्कार

'लिब्जु-भुम्जु पत्रिका अक्षयकोष' निर्माणमा

सबैलाई स्वागत

वाम्बुले राई साहित्य प्रकाशनमार्फत् वि.सं. २०५० सालमा 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक पत्रिका प्रकाशन हुँदै वर्ष-२५, अंक-१, पूर्णाङ्क-७३, वि.सं. २०७५ वैशाख-असार (किरात येले सम्वत् ३७९७/सन् २०१८) प्रकाशित भयो । प्राविधिक कारणले 'लिब्जु-भुम्जु' कै निरन्रताको रूपमा २०७० साल दर्ता प्राप्त 'स्वालेवा' पत्रिकालाई नाम परिवर्तन गरी 'इक लिब्जु भुम्जु' त्रैमासिक पत्रिका प्रकाशन आरम्भ गरिएको छ । 'इक लिब्जु भुम्जु' वर्ष ५ पूर्णाङ्क २ तपाईंको हातमा छ । यो पत्रिका मूलतः किरात समुदाय केन्द्रित पत्रिका हो । यस पत्रिकाले विशेषत किरात राई, लिम्बू, याक्खा र सुनुवार जाति सम्बन्धी सामग्री र राई समूहका करिब २५ भाषा तथा संस्कृति जसमध्ये अधिक मात्रामा वाम्बुले राई भाषा, साहित्यको सामग्री प्रकाशन गरिदै आएको छ ।

पत्रिका प्रकाशन कार्य आफैंमा जटिल काम हो । आर्थिक स्रोतसाधनको अभाव छँदाछँदै हामी आदिवासी किरातीले हाम्रो मातृभाषा, साहित्य, संस्कृति, मुन्धुम परम्परालाई जिवन्त राख्ने प्रयास गर्दैआएका छौं । लिब्जु-भुम्जु पत्रिका र वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाको संयुक्त आयोजनामा २०५५ सालदेखि २०७४ मंसिरसम्म १९औं वाम्बुले भाषाको कविता गोष्ठी सम्पन्न भएको छ । त्यसैगरी २०५६ सालदेखि 'लिब्जु-भुम्जु पुरस्कार' दिइदैआएको छ ।

यतिखेर 'लिब्जु-भुम्जु' पत्रिकाको प्रकाशन कार्य निरन्तर राख्न 'लिब्जु-भुम्जु पत्रिका अक्षयकोष व्यवस्थापन समिति (२०७२)' गठन गरी आर्थिक सहयोग जुटाउने क्रम जारी छ । यो कोषमा विभिन्न व्यक्ति, व्यक्तित्व, संघसंस्था, सरकार तथा गैरसरकारी निकायबाट आर्थिक सहयोग जुटाउँदै जाने र अक्षयकोष रकमलाई मूलधनका रूपमा राखेर वार्षिक ब्याजको ८० प्रतिशत पत्रिका प्रकाशनमा खर्च गर्ने र २० प्रतिशत मूलकोषमा रहने, 'लिब्जु-भुम्जु पुरस्कार' वितरण गर्ने, वाम्बुले सम्बन्धी कृतिहरू प्रकाशन गर्ने नीति लिइएको छ । साथै, आदिवासी किराती युवाहरूलाई मातृभाषा लेखन, आमसंचार तथा पत्रकारितामा प्रवेश गर्न सशक्तिकरणको भूमिका निर्वाह गरिने छ

'लिब्जु-भुम्जु पत्रिका अक्षयकोष व्यवस्थापन समिति'को संयोजक शुभचन्द्र राई र सदस्यसचिव गणेश राई रहेका छौं । लिब्जु-भुम्जु पत्रिका अक्षयकोषको नाममा काठमाडौंको नयाँ बानेश्वरस्थित बाराही बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा खाता खोलिएको छ । लिब्जु-भुम्जु पत्रिका अक्षयकोष खाता नं.११-०२४२५-९ रहेको छ ।

यो अक्षयकोषमा न्यूनतम रू.५०००/- सहयोग गर्नु हुने दाताको नामावली रकमसहित पत्रिकामा प्रकाशन गरिने छ । ५० हजारभन्दा बढी सहयोगदातालाई पत्रिकाको सल्लाहकार र १ लाखभन्दा बढी अक्षयकोष दातालाई संरक्षक चयन गरी सम्मानपत्र प्रदान गरिनेछ ।

लिब्जु-भुम्जु पत्रिका अक्षयकोष दाताको नामावली

सं.	नाम र ठेगाना	रकम (रू.)	कैफियत
१.	श्री जीवन हाताचो राई उँबु, ओखलढुंगा	१५०००/-	चुक्ता
२.	श्री प्रताप राई कटारी-४, उदयपुर	२५०००/-	चुक्ता
३.	श्री शुभराज राई (काजी) मानेभन्ज्याङ-५, ओखलढुंगा	५०००/-	चुक्ता
४.	श्री हिलेपानी सेवा समाज दक्षिण कोरिया (पचुराम राईमार्फत्)	१८०००/-	चुक्ता
५.	श्री पुष्पहरि क्याम्पाराई (लिब्जु-भुम्जु पुरस्कार संस्थापक)	२००००/-	चुक्ता
६.	श्री मन्जुल याक्थुम्बा/बिमला निङलेखु, ललितपुर-१४ तिखेदेवल	१००००/-	चुक्ता
७.	श्री प्रा.डा. नोवलकिशोर राई, धोबिघाट, ललितपुर	१०००५/-	चुक्ता
८.	श्री भिमल राई उँबु, आखलढुंगा हाल- युके	१००००/-	चुक्ता
९.	डा. नेत्रमणि दुमिराई-सरिता कोयुराई माक्पा-६ खोटाङ, हाल- काठमाडौं	५५५५/-	चुक्ता
१०.	श्री कर्मराज राई, उँबु, ओखलढुंगा हाल- युके	२००००/-	चुक्ता
११.	श्री श्यामकुमार राई, छिनामखु, भोजपुर हाल-अमेरिका	१००००/-	चुक्ता
१२.	श्री नरदेवी रूपाबुङ-तिर्थराज मुकारूङ राई, दिल्पाभामला, भोजपुर	६०००/-	चुक्ता
१३.	श्री अप्सन क्याम्पा, उँबु, फोकुल, ओखलढुंगा हाल- इण्डिया	५००५/-	चुक्ता
१४.	श्री दिपकर राई उँबु, ओखलढुंगा (हाल- धरान-१९, सुनसरी)	२५०५१/-	चुक्ता
१५.	श्री सीताकुमारी राई, उँबु, तार्कोम, हाल- ल.पु-१४,ताल्चिखेल	५५००/-	चुक्ता
१६.	श्री जितेन राई-शान्तिदेवी राई, हाल- ललितपुर १४, कुसुन्ती	१००२०/-	चुक्ता
१७.	श्री रेवती थापामगर मानेभन्ज्याङ, ओलढुंगा हाल- सिंगापुर	५०००/-	चुक्ता
१८.	श्री मनकुमार राई केतुके, ओखलढुंगा, हाल-युके	५०१००/-	चुक्ता
१९.	श्री भुवनसिंह राई महालक्ष्मी नपा-१६, ललितपुर	५१२५/-	चुक्ता
२०.	श्री पदम राई-सुजाता चाम्लिङ, हतुवागढी गापा-२, भोजपुर, हालःलपु.	५००६/-	चुक्ता
२१.	श्री लबु राई, उँबु, ओखलढुंगा हाल-न्युजिल्याण्ड	१००००/-	चुक्ता
२२	श्री नरेश राई (कटारी, उदयपुर । हाल- युके)	२६६५६/-	चुक्ता
२३	रेवन राई (सिम्काकु, ओखलढुंगा । हाल- युके)	५६४०८/-	चुक्ता
१४.	विकास राई 'सौगात' र गणेश राई मानेभन्ज्यानङ, ओखलढुंगा	१३५००/-	चुक्ता
	जम्मा रू. ३,७१,९३१/-		

यो ऐतिहासिक कार्यमा तपाई र तपाईंको परिवारको तर्फबाट अक्षयकोषका निम्ति आर्थिक सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

लिब्जु-भुम्जु पत्रिका अक्षयकोष निर्माण समिति



वार्षिक ग्राहक बन्न पाना नं. ४५ हेर्नुहोस् ।

इक लिब्जु-भुम्जु

त्रैमासिक (लिब्जु भुम्जुको २५ वर्षे निरन्तरता)

का.जि.प्र.का.द.नं. २४३/०७०/७१

वर्ष-५, अंक २, पूर्णाङ्क - २, २०७५ कात्तिक-पुस (किरात येले सम्वत् ३७९८/सन् २०१९)

परिकल्पना
स्व. लघुधन राई

प्रकाशक/सम्पादक
गणेशकुमार राई
(गणेश राई)

विशेष सल्लाहकार
अविनाथ राई
(क्वाऱ्वाङ्वाप्सि)

सल्लाहकार
पुष्पहरि क्याम्पा राई
शुभचन्द्र राई
मनकुमार राई (युके)
रेवन राई (युके)

आवरण/लेआउट
अल मिडिया सोलुसन
बागबजार, फोन. ४२५३९६४

मुद्रण
सुजल अफसेट प्रेस
बागबजार, काठमाडौं

हाम्रो ठेगाना
पो.ब.नं. ७२१४
काठमाडौं, नेपाल
E-mail: libju_bhumju@hotmail.com
raiganesh@gmail.com
libjubhumju.com

मूल्य रू. ७५।-

वार्षिक रू. ३००।- संस्थागत रू. ५००।-

विषयसूची

सम्पादकीय : भाषा संस्कृति कसरी बचाउने/४

खण्ड : १ आवरण लेख

वाम्बुले राईको होम संस्कारमा सुधारको खाँचो
- गणेश राई/५

खण्ड : २ वाम्बुले साहित्य

२० औं वाम्बुले राई भाषा कविता गोष्ठी
- शुभचन्द्र राई/२४

'खाक्चिलुपा' र 'रिनाखा'को आविष्कारलाई
- सुमन जाबा/३६

खण्ड : ३ श्रद्धाञ्जली

सम्फनामा आशाजित मगर
- रेवती थापामगर/४१
- मुन्धुमी भगतबहादुर राई रहनुभएन/४४
- समाजसेवी मानबहादुर राईको निधन/४६

खण्ड : ४ विविध

संस्कृतिको जगेर्नामा वृत्तचित्रको महत्व
- कुम्भराज राई/४८

वाम्रास भवनमा हामी
- मेनुका राई/५०

खण्ड : ५ वाम्बुले कविता
- झरना वाम्बुले/५२
- उदय जिज्ञासु/६२

खण्ड : ७ वाम्बुले कथा

कामपरे भानिस
- अविनाथ राई/५३

कुक्सेल न्वा तुक्तुङकुर्मान्
- गगन राई/६३

खण्ड- ८ समाचार/६५

'इक लिब्जु-भुम्जु' पत्रिका पाइने स्थान
विमान राई (९८५२८४०२५७)
प्रभात पुस्तक पसल
मानेभन्ज्याङ, ओखलढुंगा
मन्जित राई 'मानव' (९८४३३८८५९९)
घरदैलो पुस्तक सप्लायर्स
गोरुमारेभन्ज्याङ, ओखलढुंगा

भाषा-संस्कृति कसरी बचाउने ?

हामीलाई लाग्छ, युग युगसम्म किराती भएरै चिनिनु पर्छ । पुस्तौ पुस्तासम्म किरात वाम्बुले राई भएरै चिनिनु पर्छ भन्ने भावना छ । तर, हाम्रा छोरा, छोरीहरूले त्यो सोचिरहेका छन् होला ?

देश, काल, समय, परिस्थिति बदलिएको छ । उहिले हाम्रो गाउँ अनकन्टार ठाउँमा थियो । आज भिरको टुप्पा हुँदै हाम्रो गाउँघर आँगनसम्मै सडक बनेको छ । उहिले जस्तो घरमा चाहिने अनिवार्य वस्तुहरू नुन, तेल, चामल, दाज आदि डोकोमा बोक्नु पर्दैन । घर छेउमै गाडी आउँछ । गाडी नआए पनि मोटरसाइकलमा ल्याउन सकिन्छ । खुबै बोक्नु परे एकाध घन्टामात्र समय खर्चिनु पर्छ ।

सबैजसोको हात हातमा मोबाइल फोन छ । मोबाइल सेट पनि सामान्यदेखि महँगा आईफोन चलाउने बढेका छन् । हाम्रा हातको मोबाइलमा कतार, मलेसिया, साउदी, बहराइन, दुबई, ओमन, अफघानिस्ततिरबाट फोन आउँछ, किनकि त्यतातिर हाम्रा छोरा, नाति, पनातिहरू श्रम गरिरहेका छन् । युके, अमेरिका, जापान, अस्ट्रेलियाबाट मात्र होइन अस्ट्रियाबाट समेत आउँछ फोन । दक्षिण कोरियाबाट फोन आउन थालेको पनि एक दशक पुगेको छ भने समुद्रमुनिको देश न्युजिल्यान्डबाट पनि आउँछ । त्यहाँ पनि आफन्त पुगेका छन् ।

हजुरआमाले टिरिरि बज्नेबित्तिकै खुसीसाथ फोनको हरियो स्विच निचोर्दै 'ह्यालौ' भनेर बोल्न जानेको छ । त्यो कुराकानी सकिनासाथ छेउमै रहेका नाति, नातिनीले फोन खोसाखोस गर्छन् । किनभने, मोबाइलमा गीत सुन्न, भिडियो हेर्न, अनेकथरि गेम खेल्न पाइन्छ । दुःखको कुरो मोबाइलमा सुनिने गीत वाम्बुले भाषामा छैन । खस नेपालीमा धेरथोर आउँछ । हिन्दी, अंग्रेजीमा धेरै राम्रा राम्रा भिडियो छन् । कार्टुन पनि त्यसैमा मात्रै पाइन्छ । त्यसैले हजुरआमालाई लागिरहेको छ- नाति, नातिनीले अंग्रेजी, हिन्दी जान्नुपर्ने रहेछ । त्यो कुराले हरेक घर परिवारका सदस्य, छरछिमेकलाई छोएको छ । यस्तै गन्थन एकअर्कालाई सुनाउँछन् ।

आजसम्म गाउँघर, घरपरिवारमा सबैले वाम्बुले भाषा बोलिरहेकै छन् । तैपनि आम प्रश्न बनेको छ- वाम्बुले भाषा सिकेर के पाउँछ ? हाम्रो बालबच्चालाई बोर्डिङ स्कुलमा पढाउन पाउनु पर्छ । सरकारी स्कुलमा नेपालीमात्रै पढाउँछन्, त्यो पनि राम्रो पढाउँदैनन् भन्ने भ्रामक धारणाको विजारोपण भएको छ । अनि, सरकारी स्कुलका वि.व्य.स.ले बल्छी थाप्ने नयाँ कायदा निकालेको छ- अंग्रेजी माध्यमबाट पढाइ । नेपाली समाजमा यसरी चढेको छ- अंग्रेजीको भूत । नेपाली समाजलाई मौलिकताबाट क्रमशः पन्छाउने भूतलाई तेत्तीसकोटि देउताभन्दा प्यारो ठानिरहेका छौं ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल हामीलाई प्यारो छ । नेपाल सरकारले देशमा १२५ जातजाति र १२३ भाषा बोलिन्छन् भनेको छ । प्रश्न उठ्छ, यो तथ्यांक केका लागि हो ?

हामी चाहन्छौं, किराती संस्कार शुद्ध रहोस् । मौलिक नै राख्न सकौं । त्यसो गर्न हाम्रो हातको मोबाइलले नै दिंदैन । बज्नेबित्तिकै 'ह्यालौ' भन्न परिहाल्छ । हामीले चलाएको मोबाइल नेपालीपनअनुसार चलाउन पाइदैनँ ? हाम्रो नयाँ कानुनले घरमा जाँड, रक्सी बनाएर बेच्न नपाउने बनाएको छ । कुलपितृलाई चढाउन पनि बहुराष्ट्रिय कम्पनीको डिउ, बियर, रक्सी पो चाहिने भएको छ । हामीले बोल्दैआएको मातृभाषा र मुन्धुम संस्कृति विस्तारै छेउलागेको अवस्था छ । इति !

वाम्बुले राईको होम संस्कारमा सुधारको खाँचो : सन्दर्भ सुद्धै कार्य

■ गणेश राई

(नेपालीमा एउटा उखानटुक्का छ- नमरी स्वर्ग देखिदैन । २०७५ पुस १२ गते म चितवनको सौराहमा थिएँ । त्यस रात मेरो मोबाइल स्विच अफ थियो । पुस १३ गते बिहानै खोलेर हेर्दा मेरा छोराले राति म्यासेज पठाएको रहेछ- पापा ब्याड न्युज छ, तुरून्तै सम्पर्क गर्नुस् । तुरून्तै फोन गरेर बुझें, रातको १ बजे (१३ गते पुस लागेपछि) बडाबाबु पापसाइला मानबहादुर राईको निधन भएछ । निःशब्द भएँ । यही पुस महिनामा भएको मेरो पापाको निधनलाई सम्झें । २०४७ पुस १० गते पापा बिल्नु हुँदा म र भाइ प्रदीप पोखराभन्दा माथि नौडाँडामा थियौं । पापा बिरामी हुनुहुन्छ भन्ने पहिले नै जानकारी थियो, तर परिस्थितिले घर फिर्न सकिनँ । दश दिने ट्रेकिङमा पोखरातिर पुग्नु पन्यो । त्यस रात नौडाँडामा टेन्टमुनि सपनामा मैले मेरो पापाको निर्जीवकाया घरको आँगनबाट उभिन्डो गरी निकालेको देखेरे झसङ्ग हुँदै ब्युँझेको थिएँ । पापा बिल्नु भएको २८ वर्षपछि पापाको दाजु बिल्नुभयो तर अचानक । अचानक यस मानेमा कि सामान्य विमारी पहिलेदेखि नै

हुनुहुन्थ्यो तापनि ज्यानै जाने किसिमको संक्रमण वा लक्षण कहीँकतै थिएन । पापसाइला बिल्नु भएकै बिहान काठमाडौमा रहेका भाइ प्रदीप र बुहारी नानुकला गाउँ फर्किए । घर पुगेर बुवाको समाधिस्थ कार्यमा सहभागी हुनपुगे । म चितवनदेखि काठमाडौं आइपुगें । भोलिपल्ट घर जाने तरखरमा थिएँ । प्रदीपले सुद्धै ढिलो हुने भएकोले अलिक दिनपछि आउँनु भनेकाले रोकिएँ । चलनअनुसार पार्थिव शरीर बन निकालेपछि परिवारका सदस्यहरू (पत्नी, छोराबुहारीहरू आदि) तुरून्तै किरिया बस्नु पर्ने हो । तर, पुस २२ गतेबाट पिन्डो शुरू गरेर २४ गतेमात्र दस पिन्डो दिएर सुद्धै सम्पन्न गर्ने गरी रैराख्ने काम भएको सुनियो । अलिक अचम्म लाग्यो । छोराबुहारीहरू कोही परदेशमा नरहेको अवस्थामा के कारणले त्यसो भयो भन्नेबारे प्रश्न मनमा उब्जियो । तर सोधिखोजी गर्ने आँट आएन । किनभने समाज बसेर गरिएको निर्णयलाई तल-माथि गर्ने अधिकार कुनै व्यक्तिलाई हुन्न । फलफूललगायत सुद्धैको निम्ति आवश्यक सामग्रीहरू जुटाएर २२ गते हामी (म, मेरी पत्नी र भतिजो) गाउँ लाग्यौं । २८ वर्षअघि पापाको होम संस्कार अनुसारको सुद्धै गर्दा प्रक्रिया र रीतभाँत ख्याल गरको थिइँन । तर अहिले पापसाइलाकोमा भने सुक्ष्म ढंगले नियालें । उक्त प्रक्रियामा मलाई लागेको र खट्किएको विषयमा यहाँ लेख्ने प्रयास गरेको छु । यस प्रयासको उद्देश्य कुनै व्यक्ति विशेषलाई दोष दिनु वा प्रचलनमा रहेको संस्कारको विरोध गर्नु भन्दा पनि समग्र होम संस्कारमा विद्यमान कमीकमजोरीहरू केलाउँदै सोको संचालन र संरक्षणमा सहयोग पुऱ्याउनु रहेको छ ।)

मंसिर र पुसमा होम संस्कारका तीन व्यक्ति निधन र सुद्धै

यस आलेखको तपसिल बमोजिम शुरूवात यसै सालको मंसिर र पुस महिनामा दिवंगत हुनु भएका होम संस्कारमा ३ जना वाम्बुले व्यक्तित्वहरूको संक्षिप्त विवरणसहित उहाँहरूको शुद्ध्याइँ (सुद्धै) अवधि र संलग्न गुरूबा/आमाहरूको संख्याबाट गर्दैछु ।

घटना-१

मानबहादुर राई (द्वान्वाङ्चा)

जन्म : वि.सं.२००३ असोज, सोक्मटार, ओखलढुंगा

मृत्यु : २०७५ पुस १३ गते, सोक्मटार, ओखलढुंगा

पुस १३ गते बिहान मानबहादुर राईको ओखलढुंगा सोक्मटारस्थित घरमा निधन भयो । साथमा दुई श्रीमती हर्कसरी र मैरती राई तथा जेठा छोरा नरेशकुमार तथा परिवार र कान्छा छोरा दिलिपकुमार तथा परिवार रहेका थिए । त्यो दुःखद निधनको खबर राति नै काठमाडौंमा रहनु भएका परिवारका सदस्यले थाहा पाए । माइला छोरा प्रदीपकुमार र बुहारी भोलिपल्ट बिहानै भतिज किरण र बालकृष्णालाई लिएर दिउँसो गाउँ घर पुगे । अनि अपराह्न समाधिस्थ गरे । तुरून्तै भोलिपल्टदेखि कुरी बसेर दुःख बार्नु पर्ने थियो । तर, दाजुभाइ समाजको सल्लाहानुसार पुस २२, २३ र २४ गतेमात्रै दसपिन्डो दिएर सुद्धै सम्पन्न गर्ने गरी रै राख्ने काम भयो । यसअनुसार १२ दिनमा सम्पन्न भयो । शुद्ध्याइँ (सुद्धै) प्रक्रियामा गुरूबा गन्डमान राई, गुरूआमाहरू जसमति राई (अबरत्नाकी आमा) र आशा राई (बिमलाकी आमा) हुनुहुन्थ्यो ।

घटना-२

हिरण्य राई (गौरूङ भावाचाचो)

जन्म : वि.सं. १९८८ पुस सोक्मटार, ओखलढुंगा

मृत्यु : वि.सं. २०७५ मंसिर २६ गते, हिलेपानी, ओखलढुंगा

हिरण्य राईको निधन मंसिर २६ गते जन्मथलो ओखलढुंगाको हिलेपानीस्थित घरमा भएको थियो । छोराहरू जेठा दुर्गाबहादुर राई, माइला निर्मलबहादुर राई र साइला गँगाबहादुर राई परिवार गाउँमै रहनु भएको छ । कान्छो छोरा कर्णबहादुर राई र बुहारी दिलकुमारी राई परिवार बेलायतमा रहनु भएको छ । बुवाको निधनपछि काजकिरियामा कान्छा छोरा र बुहारी आउनु हुने भयो । त्यसैले गर्दा रै राखेर पुस १३ गते सुद्धै गर्ने टुँगो गरिएको थियो । बेलायतबाट आइसकेपछि सबै परिवार भेला भएर सुद्धै कार्य होम संस्कारअनुसार सम्पन्न गर्नुभयो । गुरूबा गन्डमान राई हुनुहुन्थ्यो ।

घटना-३

युदिष्टिर राई (नाक्सोचाचो)

जन्म : वि.सं.२०२४ चैत, खान्डुङ, खोटाङ

मृत्यु : वि.सं.२०७५ मंसिर १० गते, इमाडोल, ललितपुर

युदिष्टिर राईको ललितपुरको इमाडोलस्थित आफ्नै निवासमा अचानक निधन भएको थियो । उहाँकी श्रीमती चन्दुमाया राई तथा छोरी युनिसा र छोरा युदिप साथमै हुनुहुन्थ्यो । उहाँको घरमै दुर्घटनामा परेर निधन भएको हुँदा पुलिस रिपोर्टसहित पाटन अस्पतालमा पोस्टमार्टम गर्नुपरेको थियो । त्यसकारण निधनको पहिलो रात बिएण्डबि अस्पताल र अर्को रात किस्ट अस्पतालको शवघरमा राख्नु परेको थियो । दोस्रो रात राख्नुको कारण बेलायतमा रहनु भएकी दिदी (बडाबाकी छोरी) दिलकुमारी राईले भाइको अन्तिम श्रद्धाञ्जली दिनको निम्ति आइपुग्नु हुन भएकोले थप एक रात अस्पतालमा राखिएको थियो । पर्सिपल्ट दिदी एयरपोर्टबाट सिधै पशुपति वनकाली जंगलमा श्रद्धाञ्जली दिन आइपुग्नु भएको थियो । होम संस्कारअनुसार चोखिने सुद्धै कार्य मंसिर १५ गते शनिबार इमाडोलस्थित घरमै गरिएको थियो । गाउँबाट दाजुभाइहरू आउनु भयो । रीति परम्परा पूरा गर्न गाउँबाटै गुरूबा गन्डमान राई आउनु भएको थियो ।

समवेदना प्रकट गर्न मानेभन्ज्याङ गापा-६ का अध्यक्ष हेमराज राई शोकाकुल परिवारका साथ ।

घटना-१ मानबहादुर राईको १२ दिनमा सुद्धै सम्पन्न भयो । सम्पन्न गर्न तीनजना गुरूबा/आमाहरू संलग्न हुनुभयो । घटना-२ हिरण्य राईको १७ दिनमा सम्पन्न भयो । सम्पन्न गर्न १ जना गुरूबा संलग्न हुनु भएको थियो भने घटना-३ युदिष्टिर राईको सुद्धै ६ दिनमा एकजना गुरूबाबाट सम्पन्न भयो ।

बडाबाको सुद्धैमा देखेको र महसुस गरेको विषय

बडाबाको सुद्धै गरिरहँदा धेरै कुराहरू मनमा आइरहे - सुद्धै खास कति दिनमा हुनुपर्ने हो ? कतिजना गुरूबाबु र गुरूआमा भए पुग्ने हो ? (किनभने होम भेषमा गुरूभेटीको व्यवस्था गर्नुपर्ने हुन्छ) । होम संस्कारमा होम लगाउँदा र सुद्धै गर्दा जाँड वा जिर्मा किन चलाउन थालियो ? किनभने यसको शुरूवातकर्ता गुरूआमा भालासरी राईले त जाँड, रक्सी चलाउनु हुँदैन भनेर आफ्नो जीवनपर्यन्त बर्जित गर्नुभएको थियो । गुरूबाबुलाई अहिले जाँडको सट्टा बियरमात्रै चल्छ रे । दुई गुरूआमाले भने मद्यपान गरेको देखिएन - संस्कारजन्य कारणले हो कि स्त्रीजन्य कारणले हो सो भने यकिन गरिएन । होम भेषको सुद्धैमा जगत भेषको मुन्धुम फलाकिएको पनि देखियो । त्यसको निम्ति दुईजना ङाबुचो चाहिने रहेछ । घरमूलीतर्फ पन्चध्वज राई (द्वान्वाङ्चा) र मूलदानी पक्षबाट पर्शमान राई (भावाचाचो) खटाइनु भएको थियो । त्यसैगरी घरभित्र मूलचुला मिलाउने, रीतहरू मिलाउने, मुन्धुम सोधबुझ गर्ने रीतहरू पूरागर्ने सामग्री मिलाउनेदेखि मृतकको आत्मालाई सान्त्वना दिने (स्वाम्दि पाच्चाम) कार्यमा दाजु अढमबहादुर राई खटिनु भयो । अबको ङाबुचो अढम दाजु नै हुनुहुने रहेछ भनेर अनुमान गरेको छु । तर, ङाबुचो सारीचाहिं छुटाइएको पाइएन । मूलदानी हाम्रा मामु माइली हयु र पुसै अर्जुन राई (वाम्बुले राभ्वाङ्चा)को जेठा छोरा

चक्रबहादुर राई (तप्ता) परिवार हुनुहुन्थ्यो । फुपुफुपा बितिसक्नु भएपनि मूलदानीको रीत तप्ता भानिसदाजुलाई दिइदैआएको छ र मूलदानी रीत उहाँले नै ल्याउनुहुन्छ । उहाँको कान्छा भाइ कँशीराज राई परिवारले पनि अलग (छुट्टै) कोसेली र रूम्टोघुम्टोका रीत लिएर एकसाथ आउनुभएको थियो । किनभने दाजुभाइ अंशबन्डा गरेर बस्नु भएको छ ।

सुद्धैमा माइती-मावलीलाई चोख्याउन मूलदानी, हाँगादानीहरूले रूम्टोघुम्टो लगायत घरेलु जाँडरक्सी लिएर आउने परम्परा छ । अहिले कोक, स्प्राइट, डिउ, बियर, बजारिया रक्सी आदि ल्याउने पनि चलन आएछ । यसलाई समयसापेक्ष भन्न सकिन्छ । घरमूली पक्षले सबै कोसेलीपातीहरूको एकएक गरी लेखेर रेकर्ड राख्ने, त्यसको मोलहरू सोधेर बिदौनीको बेला सकभर दोब्बर गरेर नगद दिने चलन छ । पितृकार्यमा मात्र नभएर अन्य बेलामा पनि यो प्रचलन आम वाम्बुले राईमा संस्कारको नै रूपमा रहेको छ । पितृकार्यमा भने चेलीले गरेको खर्च नगद चुक्ता गर्न नसके मृतात्मालाई भारा (बाँकी) लाग्ने मान्यता छ । मृतात्मालाई भारा नलगाउँने प्रयासमा जीवित परिवारलाई भारा (ऋण) लाग्नसक्ने सम्भावनालाई नकार्न सकिन्न । बडाबाको सुद्धैकार्यमा रू ७६ हजार नगद दक्षिणाको रूपमा वितरण गरिएको आँकडालाई थोरै भन्न मिल्दैन ।

त्यसैले यस प्रचलनले पनि आमूल परिमार्जन र परिष्करण खोजेको छ भन्दा अन्यथा बोलेको ठहरिन्न । जन्म र मृत्य निरन्तर चल्ने प्रक्रिया हुन् । यो जोजुनसुकैको घरमा जहिले पनि हुन सक्छ । कुनैपनि संस्कार जुनसुकै आर्थिक हैसियत भएकाले धान्न सक्ने हुनुपर्छ । यदि त्यसो नभएमा कम आर्थिक हैसियत हुनेहरू संस्कारले माग गरेका प्रचलनहरू पछ्याउँदै ऋणमा चुर्लुम्म डुब्नु पर्ने हुन्छ । तसर्थ, यसमा सरलीकरण गर्न अत्यन्त जरूरी देखिन्छ ।

होम संस्कारमा आबद्ध सबैले यस बारेमा यथासम्भव छलफल चलाउँन र निक्यौंलमा पुग्नु पर्ने देखिन्छ । कुनै पनि संस्कारमा न्यूनतम विधि अपनाएर कसरी मितव्ययी र सरल गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिनु पर्दछ । होम भेषमा सुद्धैमा जाँदा 'घोटभेटौनी' का रूपमा एकमुठी होम, फूलपाती, थोरै दूध र भेटी लिएर आउनु पर्ने हुन्छ । तर, अहिले एक बोतल रक्सी पनि बोकेर ल्याउने गरिएको देखिन्छ । त्यो घोटभेटौनी रक्सी घर बाहिर रहेका भान्सेहरूले कुलको पितृकार्य सम्पन्न नगर्दै खान मिल्ने रहेछ ।

दाजुभाइ सघौनी/सहयोगका रूपमा नगद, चामल, एक घैटी जाँड वा बोतलमा रक्सी ल्याउने चलन छ । यसरी सघौनीलाई कागजमा लेखेर लिखित रूपमा अभिलेख राख्दा राम्रो हुन्छ । यो चलन बडाबाको कार्यमा पनि लागू भयो - अभिलेखबद्ध गरियो । अपनत्व बोध गराउँने तथा आर्थिक रूपमा पनि भरथेग गर्ने यस प्रथालाई निरन्तरता दिनु पर्दछ ।

मृत्यु संस्कारमा परम्परागत मान्यता

होम संस्कारमा आवद्ध वाम्बुले राईहरूले आफ्ना कुनै पनि संस्कारहरू अगेनामा होम हालेर सम्पन्न गर्दछन् । पूजाआजामा बलि, जाँडरक्सी र माछामासु चढाउँदैनन् । पितृ कार्यहरू नाक्सो-ङाबुचोको सट्टा गुरूबा वा गुरूमाबाट गराउँदछन् । यसभन्दा बाहेक अन्य कतिपय व्यवस्थाहरू मौलिक परम्परा (जगत संस्कार) अनुसार रहेको देखिन्छ । उदाहरणको लागि - मरौपरौ पर्दा पार्थिव शरीरलाई गाड्ने वा जलाउँने, मलामी फर्केपछि दानी पर्नेले छोराहरूको केश मुन्डन गर्ने, छोराबुहारीहरूले छाक, नुनतेल, माछामासु, जाँड आदि बार्ने, तीनदेखि नौ पिन्डोसम्म दिएर सुद्धै गर्ने आदिआदि । यस अनुसार सुद्धैको तिथिमितिको कुरा गर्दा कम्तिमा तेस्रो दिन र बढीमा नौ दिन (एक दिनमा एउटा पिन्डो दिन आवश्यक रहेको सन्दर्भमा) मा गर्नुपर्ने हुन्छ । सुद्धै सम्पन्न नभएसम्म घरपरिवार (विशेष गरेर छोराबुहारीहरू) ले बार्नुपर्ने

कुराहरू लगातार बार्नुपर्ने हुन्छ । विशेष परिस्थितिमा दोमास नहुने गरी नौ दिन नघाएर पनि तिथिमिति तोक्न सकिन्छ । त्यसरी ढिलोगरी तिथि तोक्ने कामलाई रै राख्ने भनिन्छ । रै राख्ने कामको निर्णय समाजका दाजुभाइहरू बसेर गरिन्छ । रै राख्ने परिस्थिति विभिन्न हुन सक्छन् । त्यसमध्ये घरको बुवा वा आमाको निधन हुँदा परिवारको कुनै सदस्य परदेशमा छ र थपिएका दिनभित्र फर्केर सुद्धैमा सहभागी हुनसक्ने स्थिति रहेमा रै राखिन्छ । घरका छोराहरूमध्ये कुनै एकजना परदेशमा छ र फर्किआउन सक्छ, भ्याउँछ भने रै राखेर सबै दाजुभाइलाई एकसाथ सुद्धै कार्यमा बसाउन सकिन्छ । छोराहरूको एकसाथ राखेर अन्तिम पटक केस मुन्डन गरी प्रक्रिया पूरा गरिन्छ । *(घटना-२ यसको उदाहरण हो ।)*

मेरो बडाबाबुको दुःखद निधनको दिन नै परिवारका सबै सदस्यहरू (बडिआमाहरू, सबै जना छोराबुहारीहरू र परिवारका अन्य सदस्यहरू) जम्मा हुनु भएको थियो । पारिवारिक सरसल्लाह बमोजिम विधिपूर्वक घरबाट वन लाने, समाधिस्थ गर्ने र तीनैजना छोराहरूले ज्वाइँचेलाबाट केस मुन्डन गराउने काम गर्नुभयो । त्यसै दिन सबैले नुन बार्नुभयो । त्यसको भोलि बिहानदेखि पिन्डो दिन शुरू गर्नु पर्ने थियो । तर, दाजुभाइहरूको सल्लाहले पुस २२ गतेबाट पिन्डो दिन शुरू गर्ने र २४ गते सुद्धै गर्ने निधो भएछ । शुद्धशान्ति गर्ने कार्य १२ औं दिनमा सम्पन्न हुने टुँगो भयो । त्यतिन्जेल घरपरिवारले नुन बार्नु नपर्ने भयो । जता हिंडे पनि भयो । जोसँग बोले पनि भयो । मासुमंसबाहेक जे खाए पनि भयो ।

किन त्यसरी रै राख्ने काम गरियो ? भन्ने सवालको जवाफ यस्तो पाइयो :

१) यो समाजले गरेको निर्णय हो । समाजको अगाडि व्यक्तिको अभिमतले खासै अर्थ राख्दैन ।

२) मृतक मरेर गएपनि उसको सुद्धैचाहिं आरामले सबैथोक तयारी गरेर सम्पन्न गर्ने हो । खासमा जिर्मा पकाउँदा नछिपिने भएकोले केही ढिलो गर्नु परेको हो ।

३) घरको मूल मान्छे बितेपछि सुद्धै गर्न, चोखिन आवश्यक पर्ने सामग्रीहरू जुटाउन, मृतकको नाममा दान गर्ने सामाग्रीहरू जुटाउन सजिलो हुन्छ । त्यसैगरी मूलदानीले माइतीमावलीलाई चोख्याउन आवश्यक पर्ने सामग्रीहरू जुटाउन समय लाग्ने भएकोले समय लम्बाइएको हो ।

होम संस्कारमा जाँडरक्सी निषेधित पेयपदार्थ हुन् । तर, यस संस्कारले विकृत रूप लिन थालेछ । नत्र सुद्धैमा जिर्माको अपरिहार्यता कसरी महसुस गरियो ? (स्मरणीय छ-जगत भेषमा भने पिन्डो खुवाउँने प्रयोजनको लागि २ देखि ४ मानाको कोदोको 'चोखो ङासि' पकाउने चलन छ । सायद यसैको देखाासिकी हो कि ?)

मरनदेखि सुद्धयाइँसम्मको अवधिलाई दुःखका क्षण मानिन्छ । यस क्षणबाट मृतात्मालाई मुक्ति दिन र परिवारवालाले मुक्ति पाउँन शुद्धशान्ति कार्य सम्भवभएसम्म चाँडो गर्ने प्रचलन छ । तर, यस प्रकरणमा हतार गर्ने कुनै आवश्यकता ठानिएनछ ।

फुलचाँदन सामग्री

मृतव्यक्ति घरको मूल व्यक्ति भए उसको श्रीमती वा श्रीमान, छोरा-बुहारी सबैलाई रूम्टोघुम्टो गराउने प्रचलन छ । रूम्टोघुम्टो भन्नाले श्रीमती, बुहारीहरूलाई नयाँ चोली, घुम्टो अथवा मज्यात्रो, बर्की, कपाल बाट्न फुर्का, केस कोर्न काइँयो, तेल भन्ने बुझिन्छ । त्यसैगरी छोराहरूलाई नयाँ टोपी, भोटो (सर्ट) भन्ने बुझिन्छ । यी सामग्री मूलदानीले अनिवार्य रूपमा ल्याउनु पर्ने हुन्छ । हाँगादानीले यी सामानहरू आफ्नो इच्छाअनुसार ल्याउँदछन् । हाँगादानी भन्नाले एकाघरको फुपु, दिदी, बहिनी भन्ने बुझिन्छ । तर, अन्य दाजुभाइतर्फका फुपु, दिदी, बहिनी, भान्जा, भान्जीहरूसमेतले रूम्टोघुम्टो रीत गरेको पाइन्छ ।

त्यसैगरी मूलदानी र हाँगादानीले रोटी, केरा, स्याउ आदि फलफुल, दूध, कोक, फ्यान्टा, डिउ जस्ता खानेकुराहरू लिएर आउनु पर्दछ । ती सबै परिकारहरू मरौघर र दाजुभाइहरू राखेर खुवाउनु पर्दछ । त्यसैगरी शोकमा रहेका श्रीमती, छोराबुहारीहरूलाई नुहाइदिने, कपाल कोरीबाटी गरिदिनु पर्दछ । छोराहरूलाई मुडुलो टाउकोमा तेल घसिदिएर टोपी र भोटो लगाइ दिन्छन् । त्यसरी नयाँ लुगा पहिराएर घरको आँगनमा बसाउने कामलाई फुलचाँदन रीत भनिन्छ । छोरीचेलीहरूले एकपछि अर्को गर्दै टोपीमाथि टोपी, घुम्टोमाथि घुम्टो खप्टाएर लगाइ दिन्छन् । (त्यसैले अरू बेला टोपी खप्टाएर लगाउन हुन्न भन्ने सामाजिक मान्यता छ ।) नगद रूपैयाँ पैसा भोर्लाको पातमा बेरेर टाउकोमा फूल सिउरेझैं सिउरी दिन्छन् । छोरीचेली सबैले यसरी रूम्टोघुम्टोको निम्ति लत्ताकपडा, खानेकुराहरू र पातमा पैसा राखेर माइतीलाई फूलको रूपमा टाउकोमा सिउरिदिएर चोख्याउने गर्दछन् । प्रत्येक चेलीले कति मोलको लत्ताकपडा ल्यायो ? के कस्तो खानेकुरा खुवायो ? र पातमा राखेर कति रूपैयाँ टाउकामा सिउरी दियो ? घरमूलीले त्यसरी मूलदानी र हाँगादानी छोरीचेलीहरूले गरेको खर्चको विवरण संकलन गर्नु पर्दछ । अनि गच्छेअनुसार रकम थपेर प्रत्येक चेलीलाई नगद दिएर विदाइ गर्नुपर्दछ ।

माथि उल्लेख गरिएझैं छोरीचेली जति धेरै खर्च गरेर वा पैसा बोकेर सुद्धैमा उपस्थित हुन्छन् मरौघरका माइती पक्षलाई उत्तिकै धेरै आर्थिक भार पर्दछ । समवेदना प्रकट गर्न आउनु दिदी, बहिनी, फुपु, फुपुबजु, भान्जी, मित दिदी, बहिनीको इच्छा र अधिकारको कुरो हो । तर, त्यतिखेर एकजनाले आफ्नो इच्छाअनुसार महँगो कोसेली, महँगो रूम्टोघुम्टा गरेर उपस्थित हुँदा दोहोरो आर्थिक भार पर्दछ । यो देखासिखीको विषय पनि होइन । घरको बाबु वा आमाको वा परिवारको कुनै सदस्यको सुद्धशान्ति गर्दा छोरीचेलीले लगाइदिने रूम्टोघुम्टोरँ, रीति विधि पुऱ्याउने मात्रै हो । सुद्धैमा लगाइदिएको लुगा जतिसुकै राम्रो, महँगो

भए पनि राम्रो मानिदैन । कालोमैलो फाल्ने रीतिको रूपमा लिइन्छ । त्यसैले त्यस्तो रूम्टोघुम्टोको कपडा घरभित्र वा वरिपरि बस्दामात्र प्रयोग गरिन्छ । शुभकार्यमा जाँदा ती कपडा लगाउन मनासिव ठानिदैन । लगाइहाले पनि 'ए यो कपडा त मेरो आमा बितेको वा बाबु बितेर छोरीचेलीले लगाइदिएको' भनेर स्मरण गरिन्छ । त्यसैले गर्दा रूम्टोघुम्टाको लुगा वा कपडा साधारण खालको र नगद नाममात्रको भए पनि हुन्छ ।

वाम्बुले राई र होम संस्कार

वाम्बुले राईहरूमा प्रचलनमा रहेको होम संस्कारको इतिहास त्यति लामो छैन । यसको प्रतिपादन खोटाङ जिल्ला बाहुनीडांडा, कुर्ले (स्वाय्वाङ) निवासी एक वाम्बुले नारी भालासरी राई (काशीलालकी आमा); जसलाई हामी गुरूआमा भनेर जान्दछौं, ले विक्रम सम्बत् २०२० सालको दशकमा गर्नु भएको हो । जन्म वि.सं. १९७७ साल, मृत्यु २०४४ बैशाख ४ गते । (नातिनी संगीता राईका अनुसार) यस संस्कारमा कुनाकानीका देउदेउताहरूको अस्तित्वलाई स्वीकार गरिदैन भने कुनै पनि पूजाआजा (पितृ र प्रकृति) गर्दा बलि र मादक पदार्थ चढाइँदैन । अर्थात्, पूजाआजा वा धार्मिक कार्य गर्दा चुलामा धान/चामल र फलफूलको मात्र आहुति दिइन्छ । होम वा हवनमा चढाइएका सामाग्रीहरू नै पितृ लगायतका देवीदेउताले ग्रहण गर्दछन् भन्ने विश्वास गरिन्छ । परम्परागत संस्कार जगत भेष (मुन्धुमी संस्कार) बाट यस नयाँ संस्कारमा रूपान्तरण हुने चुनौती वि.सं. २०२८ सालमा ओखलढुंगाको सोक्मटार गाउँका बीरसिंह राई (वाम्बुले द्वान्वाङ्चा)ले पहिलो चोटि स्वीकार्नु भएको थियो । सनातनदेखि चलिआएको संस्कारलाई नयाँ विधिबाट अपनाउँने निर्णय गर्नु पहिले आफ्नै छोरा मानबहादुर राई (बडाबा), भाइहरू खड्गबहादुर (नाक्सो) र तलसिंह (ज्वाम्चो) सँग बृहत् छलफल गर्नु भएको थियो रे । परम्परागत रीतिथितिमा विद्यमान जटिलता, प्रक्रियागत झन्झट र आर्थिक बोझको विश्लेषण गर्नु भएको थियो रे । उक्त रूपान्तरणपछि खड्गबहादुरले कुलगुरू (नाक्सो)को काम र तलसिंहले धामी (ज्वाम्चो)को काम छोड्नु भएको थियो । तलसिंहले जीवनपर्यन्त होम संस्कारको गुरूबाको भूमिका निर्वाह गर्नुभयो । हाल उहाँको छोरा गन्डमानले उहाँको बिँडो थामि रहेका छन् । त्यसो त अरू गुरूबा र आमाहरू पनि उत्तिकै सक्रिय छन् । गाउँका अग्रजले नयाँ संस्कार अवलम्बन गरेपछि द्वान्वाङ्चा लगायत अन्य पाछाहरूले पनि यो पद्धति अपनाएका थिए । अहिले सबैतिर गरी सय घर परिवारले होमभेष संस्कार अँगालेको अनुमान गर्न सकिन्छ ।

वाम्बुले राईहरूमा होम संस्कारको थालनी कुनै ठूलो धार्मिक गुरू वा दार्शनिकले गरेका थिएनन् । तथापि यसमा धर्मको नाममा काटमार र मद्यपान गर्न नहुने गहिरो दर्शन र सन्देश अन्तर्निहित छ । बलिपूजा र मद्यपानको घोर विरोध भइरहेको वर्तमान सन्दर्भमा होम संस्कारको आदर्श र सन्देश अहिले पनि उत्तिकै सापेक्षित र सान्दर्भिक छ । त्यस्तै यसमा सन्निहित सहजता, सरलता र मितव्ययिताको सिद्धान्त पनि अर्को सुन्दरतम पक्ष हो । एक मुठी धान/चामल, एक कोसा केरा र एउटा सेलरोटीले पनि पितृपूजा गर्न सकिन्छ ।

बडाबाको सुद्धैमा देखेको र महसुस गरेका विषयहरू बुँदागतरूपमा

मेरो बडाबा त्यस भेगकै पहिलो शिक्षित व्यक्ति हुनुहुन्थ्यो । गाउँको विद्यालयमा लामो समयसम्म शिक्षण पेशामा आवद्ध हुनुभयो । सेवानिवृत्त (पेन्सन) पछि समाजसेवामा लाग्नु भयो । जिल्लास्तरसम्मको राजनैतिक यात्रा तय गर्नु भयो । उहाँलाई जिल्ला सदरमुकामसम्मका

समवेदना प्रकट गर्न आउनुभएका ओखलढुंगा जिल्ला समन्वय समितिका सभापति जयबहादुर श्रेष्ठ भक्तपुरका एभरेस्ट स्कुलका प्रिन्सिपल भक्तराज भण्डारी तथा श्रीमती कमला राजभण्डारी ।

मान्छेहरूले चिन्दथे । स्वयंको उच्च उचाइ हुँदाहुँदै पनि व्याकुल माइलाका पूजनीय पिताको नाताले थप उचाइ बढेको थियो । माथि नै उल्लेख गरियो कि बडाबा होम भेष अपनाउँने क्रममा आफ्ना पिताजीका सीमित सल्लाहकारमध्ये एक हुनुहुन्थ्यो । उनै शालीन, भद्र र बहुमुखी प्रतिभावान सम्मानित अग्रजको दुःखद निधन भयो- स्तब्ध छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै व्यक्तिगत भेटघाट लगायत विभिन्न माध्यमबाट हामीलाई धेरैधेरै जना शुभचिन्तक र आफन्तहरूले समवेदना प्रकट गर्नुभयो । आभारी छौं । धन्यवाद व्यक्त गर्दछौं । उहाँको सुद्धै कार्य पनि सफलतापूर्वक सम्पन्न भयो । सुद्धै कार्यमा उल्लेखनीय (करिब ५०० जना) उपस्थिति रहेको थियो । यसलाई हामीले हाम्रा दिवंगत संरक्षकको सम्मान र हामी परिवारलाई दिनु भएको साथ र सहयोगको रूपमा लिएका छौं । सुद्धै कार्यमा मासुमंसको प्रयोग नहुनु, दाजुभाइ सघौनी र काम बाँडफाँड व्यवस्थापनलाई सकारात्मक रूपमा लिएका छौं । त्यति हुँदाहुँदै पनि माथि उल्लेख गरिएका खट्किएका कुराहरू, जसले सुधारको आवश्यकता बोध गराउँछ, लाई बुँदागत रूपमा पुनः उल्लेख गर्न चाहन्छु :

१. १२ औं दिनमा सुद्धयाइँ (सुद्धै)

२. पूजा सामाग्रीको रूपमा जाँड/जिर्माको पनि प्रयोग

३. सुद्धैमा २ जना गुरूआमा र १ जना गुरूबा गरी ३ जनाको संलग्नता

४. जगत भेषमा भैं ङाबुचोहरूको मुन्धुमी स्वाम्दि

५. चेलीबेटीहरूबाट धेरै कोसेलीपात, रूम्टोघुम्टो र नगद

६. किरियापुत्री अवधिमा दाजुभाइको अनुपस्थिति

७. खानेकुराहरूको बरबादी

८. विविध

यी त एउटा संस्कार (मृत्यु) मा अवलोकन र अवलम्बन गरिएका प्रत्यक्ष तथ्य र भोगाइहरूमात्र हुन् । यस भन्दा बाहेक पनि धेरै संस्कारहरू छन् । ती संस्कारहरूमा पनि पक्कै विचलित विधिहरू अपनाइएका होलान् । त्यसको लेखाजोखा गर्ने बेला आएको छ जस्तो लाग्छ । कुन संस्कार कसरी गर्दा राम्रो हुन्छ भनेर संस्कारमा संलग्न तीनै पक्ष (गुरू, जजमान र समाज) ले कहिले सोचेको देखिँदैन । यसो विचार गर्दा होम संस्कार गुरू-प्रधान (गुरूले गुरूआमालाई पनि जनाउँछ) भएको छ जस्तो लाग्छ । गुरूहरूले जेजे भने त्यहीत्यही हुनुपर्ने वा गर्नुपर्ने । तर उनीहरूलाई भने न्यूनतम आचारसंहिता पनि पालना गर्नु नपर्ने ।

उदाहरणको लागि जुन संस्कारमा बलि चढाउँन हुँदैन त्यही संस्कारका गुरूहरूले ज्यामादान, खड्गो सार्ने नाममा चौपाय भेटी लिएका पनि सुनिएको छ । जुन संस्कारमा मादक पदार्थ बर्जित छ त्यहीँ संस्कारका गुरूहरू स्वयंले होम हाल्ने क्रममा पनि रक्सीबियर सेवन गर्नु भएको देखिएको/सुनिएको छ । गुरूहरूले जति 'खानेजुक्ती सिला मन्तर' गरे पनि हामी जजमान कहीँकतै बोल्दैनौं किनभने विरोध गर्नु हाम्रो स्वभाव अन्तर्गत पर्दैन । (तर यस्तो स्वभाव हुतिहारा वा लाछीपन बाहेक अरू केही होइन) । बोलिहाले पाप लाग्ने वा गुरूदण्ड लाग्ने भय पनि छ हामीमा वा गुरूको चित्त दुखाएमा गरिदै गरेको कार्य बिग्रन सक्छ वा अर्को पटक गुरूको सेवा पाउँन सकिन्न भन्ने आशंका छ । समाज भनेको त अमूर्त कुरा हो; जसले अर्तिबुद्धि दिन सक्छ - आलोचना गर्न सक्छ तर आवश्यक वा आपत परेको बेला कतै लुकेर बस्छ । उदाहरणको लागि १२ दिनमा सुद्धै गर्नुपर्छ भनेर अर्ति दिएर पिन्डो कहिलेदेखि कसरी कुन/कुन बेला दिनुपर्छ, किरिया बस्दा केके बार्नुपर्छ वा पर्दैन पनि नभनी समाज हरायो । यतिसम्म कि किरियापुत्रीहरूलाई कुर्नुपर्छ वा साथी दिनुपर्छ भन्ने ख्याल समेत गरिएन ।

सुद्धैको समीक्षा

बडाबाको सुद्धैको भोलिपल्ट जेठा छोरा नरेशकुमार राई र जेठी श्रीमती हर्कसरी राईको समुपस्थितिमा सुद्धैको समीक्षा गरिएको थियो । केही मननीन सुझावहरू यस प्रकार रहेका छन् :

- जसको निधन भयो उसको मृत्युलगत्तै लगातार सुद्धै संस्कार हुनुपर्छ । रै राख्ने चलन हुनुभएन । नुन तेल बार्नुपर्ने व्यक्ति जताततै हिंड्ने, जोसित पनि बोल्ने गर्नुभएन । कुरी बस्ने छोराहरूले पाँच-सात दिन बार्नसक्छ आफ्नो बाबु-आमाको शोक । तर रै राख्ने चलन गलत हो । मृतकलाई भोक नलागोस् भनेर जिउँदो रहँदा खाना दिएजस्तै पिन्डो दिने हो । तर एकै दिनमा चार-पाँच पिन्डो दिनु पनि गलत हो । - *हरिकुमार राई (मानबहादुर राईको भतिज)*

- म पनि मेरो आमा बित्नु भएपछि लगातार कुरी बसें । सबैथोक त्याग गरेर कुरी बस्ने पर्ने हुन्छ । बोल्दा पनि वाम्बुले भाषामात्रै बोल्नु पर्छ । मृतकलाई अरू जातको मान्छेसँग भेटनु र बोल्नु हुँदैन । एकै दिनमा धेरै पिन्डो दिनु गाह्रो कुरो हो । गुरूहरूको कमजोरी छ । होम संस्कारमा जाँड, रक्सीको चलन प्राथमिकतामा पर्दैन । गुरूबाट चिः (जिर्मा)को चलन आयो । चिः पकाउनै पर्ने बाध्यता छैन । घोटभेटौनीमा रक्सी आवश्यक छैन । यो रीत बिचौलियाले बिथोल्यो । हाम्रो संस्कार हामी बाँचुन्जेल सकेसम्म राम्रो तुल्याउनु पर्छ । गुरूकै भर परेर नहुने अवस्था आएको छ । - *क्षमाराज राई (युवा समाजसेवी)*

- वाम्बुले राई बिग्रिएको जाँडरक्सीले हो । यसलाई पित्रीकार्यमा अनिवार्य गर्नु आवश्यक

समवेदना प्रकट गर्न आउनुभएका मानेभन्ज्याङ गापा उपप्रमुख सविता राई, ५ नम्बर वडाअध्यक्ष रामकुमार राई तथा गापा कार्यकारी अधिकृतलगायतका व्यक्तिहरू ।

छैन । यसपटक मानबहादुर बाजेको सुद्धैमा जाँड, रक्सी अन्यत्रजस्तो लापरबाही किसिमले भएन । लिखित रूपमा जिम्मेवारी बाँडफाँड भएकोले सकारात्मक रूपमा काम सम्पन्न भयो । फलाहार प्रशस्त पुग्यो । फलाहारलगत्तै खाना पनि दिइएकोले केही खेर गयो । - *प्रभुराम राई (युवा खेलाडी)*

- दाजुभाइभित्रको कामहरू लिखित रूपमा विभाजन भएकोले सजिलो भयो । घरभित्रको रीतिविधि ढिलो भएकोले पाहुना, इस्टमित्रलाई खुवाउने काम ढिलो हुनपुग्यो । खानपिन बाँड्दा खाने मान्छेको इच्छाअनुसारमात्र बाँड्ने, जबरजस्त कर गरेर थपिदिने बानी छोड्नु पर्ने भएको छ । - *नविनकुमार राई (युवा हर्ताकर्ता)*

खोटाङ झाप्पा खाम्दुङ स्थायी घर भई हाल ललितपुरको इमाडोलमा रहनु भएकी ८४ वर्षिया श्रीमती बिरस राई (म्वाक्वारी (दिलकुमारी राई)की आमा, बीरसिंह राईकी भान्जी) गुरूआमा (भालासरी)ले होम भेषबारे भन्नुभएको कुरा यसरी सम्झिनु हुन्छ । 'गुरूआमाले होम भेषमा मारमर्ग केही गर्नु हुँदैन । होम लगाउँदा जाँड, जिर्मा (चिः) चलाउनु हुँदैन भन्नु भएको थियो । तर अहिले मरौ पर्दा पनि चिः (जिर्मा) पकाउने चलन हिलेपान, सोक्मटारतिर त्यस्तो गर्छन् भन्ने सुनिन्छ । गुरूआमाले त्यसो नगर्नु भन्नु भएको थियो ।' *(२०७५ माघ ३ गते, ललितपुरको इमाडोलस्थित कर्णबहादुर राई र दिलकुमारी राईको*

निवासमा गरिएको कुराकानीमा आधारित) ।

म २०३७ सालमा विदेश लागें । आमा (मक्कामाया राई) पहिल्यै बित्नुभयो । पापा (हिरण्य राई) बित्नु भएपछि पहिलो पटक हाम्रो होम भेसबाट काजकिरियामा भागलिएको यसपालि नै हो । जाँडरक्सी घरमा नपकाइए पनि बाहिरबाट पाहुनापाछा र दाजुभाइले प्रशस्तै कोसेली ल्याउने गरेको पाइयो, जिर्मा बाहेक । जिर्माचाहिँ विशेषगरी चेलिबेटीहरूले ल्याएको कोसेलीको भाँडो फर्काउँदा जिर्मा भरेर फर्काइदिने चलन रहेछ । त्यसैले गर्दा जिर्मा पकाउनु परेको भन्ने भनाइ रहेछ । यसलाई रोक्न सकिन्छ । हाम्रो पापाको सुद्धैमा गुरू एकजना (गन्देउला) मात्र हुनुहुन्थ्यो । गुरू एकजना मात्र भए हुन्छ भन्ने, त्यसैले पुष्टि गर्छ । *(कर्णबहादुर राईले बेलायतबाट फेसबुक म्यासेन्जरमा दिनुभएको प्रतिक्रिया)* ।

ललितपुरको तिखेदेवल, पिपलबोटमा बसोबास गर्दै आउनु भएका वाम्बुले राई शब्दकोशका कोशकार अविनाथ राई भन्नुहुन्छ, 'होम भेष मेरो बाबु (स्व. बीरिसिंह) र दाजु (स्व. मानबहादुर)ले स्वीकार र अवलम्बन गरेको संस्कार हो । मैले थाहा पाएपछि अँगालिएको हुनाले यस संस्कारको मौलिकता, अन्तर्निहित दर्शन र विधिविधान बारे निकैहदसम्म जानकारी राख्दछु । उहिले गुरूआमा (भालासरी)ले व्यवस्थापन गर्नु भएको रीतलाई चाइचाम (अनावश्यक थपथाप) गरेको सुन्दा ज्यादै दुःख लागेको छ । यस भेषको मौलिक स्वरूपलाई विकृत हुने गरी पहिलेकै भेष जसरी जाँडरक्सी चलाउने, ङाबुचो स्वाम्दि आदि गर्ने हो भने किन होम संस्कार गर्ने ? जगत भेषमै फर्किए भैगो नि । तर, हामीले होम भेषलाई लामो समयदेखि अँगालिसकेको र नाक्सो-ङाबुचो-ज्वाम्चो विस्थापन गरिसकेकोले जगत भेषमा फर्किन व्यवहारिक रूपमा सजिलो छैन । तसर्थ, यस संस्कारको मौलिकतालाई अक्षुण्ण राख्दै यसमा सहजता, सरलता र मितव्ययी हुने किसिमले परिमार्जन र परिष्करण गर्नु बाहेक अरू विकल्प छैन । यसको लागि गाउँघरमा रहनु भएका होम भेष गर्ने दाजुभाइहरूले विशेष पहल गर्नुपर्ने देखिन्छ । होम भेषमा आवद्ध अग्रजको संयोजकत्वमा गुरूबा/आमा, होम भेषी युवाहरू सम्मिलित 'वाम्बुले होम संस्कार संचालन र संरक्षण समिति' गठन गर्नुपर्ने देखिन्छ । यसले तात्कालीक रूपमा विचलन र द्विविधा भएका विषय/विधिहरू सम्बन्धमा निर्णय गर्नुपर्ने र दीर्घकालीन रूपमा जन्मदेखि मृत्युसम्मका होम संस्कार प्रक्रिया र सामाग्रीहरू तय गरी लिपिवद्ध गर्ने गराउँने कार्य गर्नुपर्ने देखिन्छ । यदि यसो भएमा यस संस्कारको सहज, सरल र मितव्ययी किसिमले संचालनको साथै संरक्षण हुनेछ ।' *(२०७५ माघ ५ गते उहाँको निवासमा गरिएको कुराकानीमा आधारित)* ।

होम संस्कारमा अबका बाटाहरू

माथि उल्लिखित खट्किएका विषयहरू, समीक्षा र कुराकानीबाट प्राप्त सुझावहरूको आधारमा होम संस्कारलाई सहज, सरल र मितव्ययी बनाइ सञ्चालन र संरक्षण गर्न निम्न उपायहरू अपनाउनुपर्ने देखिन्छ :

१. 'वाम्बुले होम संस्कार सञ्चालन र संरक्षण समिति' को गठन

नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने होम संस्कारमा आवद्ध एक स्थानीय अग्रजको संयोजकत्वमा गुरूबा/आमा, होम संस्कारको बारेमा चासो र चिन्ता लिने पाकाहरूको साथै युवाहरू सम्मिलित ३ वा ५ सदस्यीय एक 'वाम्बुले होम संस्कार संचालन र संरक्षण समिति' गठन गर्ने । सदस्य-सचिवको जिम्मेवारी युवाले लिने । समितिको बैठकमा अरूलाई पनि आमन्त्रण गर्न सक्ने । समितिको निर्णय बैठक पुस्तिकामा लिपिबद्ध गर्ने र निर्णयको

जानकारी सरोकारवाला सबैलाई जानकारी गराउँने ।

समितिले अल्पकालीन र दीर्घकालीन गरी दुई विषयमा काम गर्नेछ । अल्पकालीन भन्नाले छोटो अवधिमा वा तत्काल गर्नुपर्ने कामलाई जनाउँछ भने दीर्घकालीनले एक वर्ष वा सोभन्दा बढी समय लाग्ने कामलाई जनाउँदछ ।

१.१ अल्पकालीन विषयहरू

१.१.१ शुद्धयाइँ (सुद्धै) गर्ने अवधि : मृतकलाई अधिकतम ९ पिन्डोसम्म दिनुपर्ने प्रचलनले बढीमा ९ दिनभित्र सुद्धै गर्नुपर्ने तर्फ संकेत गर्दछ । यो दुःखको समय भएकोले यसबाट मृतक र घरपरिवार सकभर चाँडै मुक्ति पाउँन सकभर चाँडै सुद्धै गर्दा राम्रो हुन्छ । सामान्य परिस्थितिमा ३ वा ५ (बढीमा ७) दिनमा गर्दा उपयुक्त हुने देखिन्छ । यसमा समितिले छलफल र निर्णय गर्नुपर्ने देखिन्छ । विशेष परिस्थिति (किरियापुत्री परदेशमा रहेको र सुद्धैमा सामेल हुन चाहेमा वा यस्तै प्रकरणमा) मात्र रै राख्नु आवश्यक छ - यसमा पनि समितिले बोल्नुपर्ने देखिन्छ । साथै, सद्गत कै दिनदेखि वा त्यसको भोलिपल्टदेखि पिन्डो दिनुपर्ने, पिन्डोका सामाग्रीहरू, चढाउँने विधिहरू लगायत किरियापुत्रीले खानलाउँन हुने/नहुने, गर्न हुने/नहुने, जान हुने/नहुने, बोल्न हुने/नहुने, बस्न हुने/नहुने आदि विषयमा पनि समितिले निर्दिष्ट गर्नुपर्ने देखिन्छ ।

१.१.२ पूजामा मादक पेय पदार्थको प्रयोग : होम संस्कारका मौलिक एउटा सुन्दर पक्ष भनेको पूजामा जाँडरक्सी नचढाउँनु पनि हो । तर, सुद्धै कार्यमा जिर्मा (चिः) पकाइ चढाउँने कामले होम संस्कारको सुन्दरतालाई कुरूप बनाएको देखिन्छ । होम संस्कारको कुनै पनि पूजामा मादक पेय पदार्थ नचढाउँने सम्बन्धमा समितिले निर्णय गरी निर्देशन दिनुपर्ने देखिन्छ । सकभर कुनै पनि संस्कारजन्य कार्यमा मादक पेय पदार्थ प्रयोग नगर्ने सम्बन्धमा बहस चलाउँन पनि सामयिक नै देखिन्छ ।

१.१.३ गुरूबा/आमाको संलग्नता : उल्लिखित सुद्धैमा ३ जना गुरूबा/आमा संलग्न हुनु भएको देखिन्छ । यो उहाँहरू स्वयं अग्रसर नभई अनुरोधको आधारमा संलग्न हुनु भएकोले यसमा उहाँहरूको दोष छैन । होम संस्कार अन्तर्गतको कुनै पनि कार्य १ जना गुरूबा/आमा (गुरूको

अनुपस्थितिमा कसैले विधिविधान जानेको छ भने उसले पनि) ले सम्पन्न गर्न सक्ने हुनाले अब उप्रान्त १ जनाले मात्र गर्नुपर्ने विषयमा समितिले निर्देश गर्ने ।

१.१.४ मुन्धुमी स्वाम्दिको प्रयोग : होम संस्कारका धेरै विधिविधानहरू जगत भेष (मुन्धुममा आधारित मौलिक संस्कार) मा आधारित छन् । यो भेष जगत भेषबाट नै रूपान्तरण भएको हुँदा यसमा नाक्सो-ङाबुचोको कुनै भूमिका हुँदैन । तसर्थ, परम्परागत स्वाम्दिखाडुलाई उच्च आदर गर्दै कुनै पनि होम संस्कारजन्य कार्यमा ङाबुचो व्यवस्था गरेर स्वाम्दि गर्ने कामलाई बन्द गर्न समितिले आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

१.१.५ चेलीबेटीहरूको कोसेलीपात, रूम्टोघुम्टो र नगद : होम संस्कार अन्तर्गतका कुनै पनि धार्मिक वा पितृ कार्य चेलीबेटीको अनुपस्थितिमा सम्पन्न हुँदैनन् । यो पनि यो संस्कारको अर्को सुन्दर पक्ष हो । चेलीबेटीलाई घाटा पार्न नहुने मान्यता अनुसार उनीहरूले जुन भाँडोमा जे ल्याएका हुन् सोही भाँडोमा त्यहीँ भरेर फिर्ता पठाउँने र त्यसभन्दा बाहेक कुनै जिन्सी कोसेली ल्याएकामा त्यसलाई मूल्यांकन गरी लागत मूल्यभन्दा सकभर दोब्बर नत्र सोभन्दा कम नहुने गरी नगद दिने चलन छ । यस प्रथाले माइतीमावली पक्षलाई अत्यधिक आर्थिक दायित्व पारेको छ । होम संस्कारले मादक पेय पदार्थलाई पूर्णतः अस्वीकार गरेकाले पर्वपातमा 'न्वाम्फु दिचाम' बाहेक अन्य विशेष कार्यमा सो कुरा चेलीबेटीको कोसेलीमा पनि प्रतिबिम्बित हुनुपर्ने देखिन्छ । मादक पेय पदार्थलाई हल्का पेय पदार्थले प्रतिस्थापन गरी थोरै परिमाणमा फलफूल बोक्ने चलन ल्याउँनु पर्ने देखिन्छ । यदि यसो भएमा दुवै पक्षलाई सरल र मितव्ययी हुने देखिन्छ । दुःखका कार्यहरूमा मूलदानी र बाजे अन्तर्गतका तीन पुस्ते विवाहिता चेलीहरू (फुपु, दिदीबहिनी र भतिजीहरू) बाहेक अरू चेलीहरूलाई निम्तो दिइरहन आवश्यक देखिंदैन । मूलदानीबाट अनिवार्य र इच्छुक यी तीनपुस्ते चेलीहरूबाट मात्र रूम्टोघुम्टो हुने व्यवस्था हुनु पर्दछ । किरियापुत्रीहरूलाई सबै चेलीले खानेकुरा दिएमा खेर मात्र जाने हुनाले मूलदानीबाहेक अन्यले खानेकुरा ल्याउँन नहुने स्पष्ट पार्नु पर्दछ । जहाँसम्म पातमा नगद बेरेर किरियापुत्रीहरूको शिरमा 'फुरि' घुसारीदिने चलन छ त्यो नगदको आकार न्यूनतम हुनु पर्दछ । जसले जति राखेपनि सोमाथि सबैलाई समान रकम थप हुने व्यवस्था भए जसले जति रकमले फूल लगाइ दिए पनि फरक नपर्ने देखिन्छ । उदाहरणको लागि यदि सबैलाई २ सय रूपैयाँ थप गर्ने व्यवस्था भए १ सय रूपैयाँ र १ हजार रूपैयाँ सिउरिदिने दुवैले २/२ सय रूपैयाँमात्र थप दक्षिणा पाउँछन् । उपर्युक्त विषयहरूमा पनि समितिले ध्यान दिनुपर्ने देखिन्छ ।

१.१.६ गुरूबा/आमा सम्बन्धी : होम संस्कारको प्रमुख संचालक र संरक्षक भनेको नै गुरूबा/आमा हुन् । त्यसैले उहाँहरूको मानसम्मान र आदर गर्नु पर्दछ; जुन गरिरहेका पनि छौं । उहाँहरूले कुनै संस्कार सम्पन्न गर्नु भएपछि 'गुरूभेटी' पनि दिंदै आएका छौं । 'गुरूभेटी' र होम गर्दा छुट्याइएका जिन्सी (चामल, फलफूल र सेलरोटी) बाहेक अन्य सुविधाहरू शुरूवाती चरणहरूमा थिएन । यसैलाई निरन्तरता दिनुपर्ने देखिन्छ । बरू एकरूपता कायम गर्न र मितव्ययिताको लागि दुवै पक्षलाई मर्का नपर्ने गरी संस्कार (ठूलो होम, सुद्धै र भारफुक) अनुसार न्यूनतम पारिश्रमिक तोक्नुपर्ने हो कि ? जनावरको सम्मान गर्ने यस संस्कारमा खड्गो सार्ने, ज्यामादान, गौदान आदिको नाममा चौपाय दान गर्ने प्रणाली पूर्णरूपमा उन्मुलन गर्नु पर्छ । चेलीबेटीको हकमा पनि यो लागु गर्नु पर्छ । यदि संस्कारले नै माग गरेको छ भने चौपाय/दौपायको सट्टा सांकेतिक रूपमा नगद व्यवहार गर्नु पर्छ; जुन

अरू संस्कारमा पनि प्रचलनमा रहेको देखिन्छ । गुरूबा/आमाहरूको किञ्चित स्वार्थले गर्दा होम संस्कार विचलनोन्मुख देखिंदा त्यसलाई रोक्नेतर्फ पनि सजग हुनुपर्ने देखिन्छ । होम संस्कारको मर्ममा नै चोट पुग्ने गरी गुरूबाहरूबाट होम हाल्ने बेला मादक पदार्थ सेवन गरिएको देखिँदा कम से कम होमको बेलामा त्यसो नगर्न अनुरोध गर्नुपर्ने देखिन्छ वा जजमानले उक्त समयमा पिउने थोक नदिनु पर्ने देखिन्छ । यस किसिमका व्यवस्था र आचार संहिता तय गरी प्रचारप्रसार गर्ने जिम्मेवारी पनि समितिको नै कार्यक्षेत्र पर्दछ ।

१.१.७ खानेकुराहरूको बरबादी सम्बन्धी : समयलाई सम्मान गर्न नसक्नु हाम्रो राष्ट्रिय चरित्र नै हो । घोषित समयमा पूजा शुरू नगर्नु, गुरूबाहरूले पेय पदार्थतिर ध्यान दिनु आदिआदि कारणले पूजा सम्पन्न गर्न ढिलो हुने र सकेपछि प्रसाद तथा खाना एकैचोटी वितरण गर्दा र जबरजस्ती थपिदिने परम्पराले खानेकुराहरू बरबाद भएको देखिन्छ । यसैले समयको पालना गर्ने, मदिरापान र जबरजस्ती थप्ने प्रथालाई हटाउँनु पर्ने देखिन्छ । अन्न खेर फालेमा त्यसले सराप्छ भन्ने सर्वमान्य मान्यतालाई आत्मसात गर्नुपर्ने देखिन्छ । साथै, जजमान (पूजा गर्ने) ले पनि हचुवाको भरमा नभई सकभर यथोचित अनुमानमा मात्र खानेकुरा प्रबन्ध गर्नुपर्छ ।

१.२ दीर्घलीन विषयहरू

१.२.१ जन्मदेखि मृत्यु (न्वारान, पास्मि, छ्यावार/गुन्नेचोला, बिहेदान र मृत्यु) सम्मका होम संस्कार प्रक्रिया र सामाग्रीहरू तय गरी लिपिवद्ध गर्ने गराउँने ।
१.२.२ संकलित वा लिखित सामाग्रीहरूलाई 'इक लिब्जु-भुम्जु' पत्रिकामा क्रमशः प्रकाशित गर्दै जाने ।
१.२.३ सबै संस्कारको संकलन वा लेखन कार्य सकेपछि पुस्तकको रूपमा प्रकाशन गर्ने ।
१.२.४ संस्कारलाई सर्वसुलभ तरिकाले संचालन गर्न युवाहरूलाई पनि प्रशिक्षण दिने ।
२. मरनपरनको लागि पाछा अनुसारको गुठी बनाउँने ।

मृत्यु प्रायः अप्रत्याशित र असामयिक नै हुने गर्दछ । यस्तो अवस्थामा परिवारका सदस्यहरू

के गर्ने के नगर्ने द्विविधा र हतास मनस्थितिमा हुन्छन् - मानसिक, प्राविधिक र आर्थिक रूपमा पनि कसैको आशामा हुन्छन् । यस्तो अवस्थामा सल्लाह दिने र सहयोग गर्ने नजिकी भनेको दाजुभाइ खलक नै हुन् । त्यसैले आफ्नो पाछा (खलक) अनुसारका गुठीहरू बनाउने हो कि ? उदाहरणको रूपमा 'वाम्बुले द्वा-वाङ्चा गुठी', 'वाम्बुले भावाचाचो गुठी' आदि । यदि कुनै पाछाको घरधुरी वा जनसंख्या कम भएमा छिमेकी पाछासँग मिल्न सकिने छ । यस गुठीको गठन, कार्यक्षेत्र र कार्य संचालन तपसिल अनुसार हुनेछ :

२.१ आफ्ना पाछाभित्रका इच्छुक घरपरिवार समावेश हुनेगरी एक समूह (गुठी) बनाउने । प्रत्येक घरपरिवारलाई एक सदस्यको रूपमा गणना गर्ने । सदस्यहरूमध्येबाट एक जना संयोजकसहित सदस्य संख्या र भौगोलिक क्षेत्रको आधारमा बढीमा ७ जना सदस्य भएको एउटा समिति गठन गर्ने ।

२.२ समितिले प्रत्येक सदस्यहरूबाट कुनै निश्चित रकम (उदाहरणको लागि ५ सय रूपैयाँ) वार्षिक रूपमा उठाउने छ । उठाइएको रकम समितिका कुनै विश्वासिलो पदाधिकारी (गुठीको नाममा जम्मा गर्नलाई दर्ता हुनुपर्ने भएकोले) को नाममा बैंकमा जम्मा गर्ने वा हिनामिना नहुने व्यवस्था गर्नु पर्ने । संयोजकले बेलाबेलामा गुठीको आम्दानी, खर्च र बाँकी सम्बन्धी हिसाबकिताब सदस्यहरूलाई जानकारी गराउनु पर्ने ।

२.३ मरनपरनको बेलामा संकलित रकमलाई मृतकका परिवारलाई कुनकुन कार्यको लागि कति उपलब्ध गराउँने सम्बन्धी व्यवस्था सदस्यहरूको सरसल्लाहमा समितिले तोकेअनुसार हुने । यसमध्ये परिवारलाई एकमुष्ट (उदाहरणको लागि १० हजार रूपैयाँ) प्रदान गर्नु एउटा विकल्प हो । वार्षिक रूपमा नै रकम उठाइसकेपछि सघौनीमा नगद लानुपर्ने नपर्ने ।

२.४ मरनपरनको बेला मृतक परिवारले यस समितिका संयोजक वा भौगोलिक रूपमा नजिकका सदस्यलाई खबर गर्नुपर्ने । यस्तो खबर पाउँने बित्तिकै मृतकको घरमा आउँनु संयोजक र/वा अन्य सदस्यहरूको कर्तव्य हुने । उनीहरूबाट नै अन्य दाजुभाइ र नरनातालाई जानकारी गराउँदा राम्रो हुने देखिने ।

२.५ संयोजक र/वा अन्य सदस्यहरूले घरपरिवारको सल्लाहअनुसार विधिवत शद्गत गर्ने र सुद्धैको तिथिमिति तय गर्नु पर्ने ।

२.६ सुद्धै कार्यको लागि सामाग्री खरिद गर्नुपर्ने हुनाले गुठीबाट प्रदान गरिने सुविधा सकभर चाँडै मृतक परिवारलाई हस्तान्तरण गर्नु पर्ने ।

२.७ सुद्धैको दिन धेरै विषयहरू व्यवस्थित गर्नुपर्ने भएकोले समितिले नै विभिन्न उप-समिति बनाइ काम बाँडफाँड र जिम्मेवारी तोक्नु पर्ने । स्मरणीय छ माथि उल्लिखित सुद्धैको दिन पाहुना व्यवस्थापन, श्रद्धाञ्जली स्थान व्यवस्थापन, पार्किङ व्यवस्थापन, पाहुनालाई स्थान व्यवस्थापन, दाजुभाइ सघौ संकलन व्यवस्थापन, पाहुनाको संकलन व्यवस्थापन, घरभित्र कोसेली व्यवस्थापन, भान्सा व्यवस्थापन, खानेपानी व्यवस्थापन, फोहर मैला व्यवस्थापन, सौचालय व्यवस्थापन, यातायात व्यवस्थान, कुर्सी र टेबल व्यवस्थापन, चुला, पूजा सामग्री व्यवस्थान, कजेरी व्यवस्थापन उप-समितिहरू लिखित रूपमा नै गठन गरिएका थिए । त्यसमा समाधिस्थल व्यवस्थापन, दाउरा तथा भोर्लाको पात व्यवस्थापन आदि उपसमिति छुटेका थिए । समीक्षाबाट उक्त उप-समितिहरूको सकारात्मक मूल्यांकन गरिएको छ ।

२.८ किरियापुत्रीलाई निर्देशनको साथै साथी दिन समितिले शद्गतदेखि सुद्धै नसकिएसम्म

अनिवार्यरूपमा एक जना कुरूवा/साथीको व्यवस्था गर्नु पर्ने ।

२.९ आन्तरिक कार्य संचालनका प्रक्रिया र विधिहरू समितिले नै तय गर्नु पर्ने ।

२.१० प्रस्तावित गुठी हाललाई मरनपरन कार्यको लागि मात्र परीक्षणको रूपमा प्रयोग गर्ने । यदि सफल भएमा नियमित होम कार्यमा पनि विस्तार गर्ने ।

उपसंहार

जातीय पहिचानमा भाषासँगै आउँने विषय संस्कार र संस्कृति पनि हो । विविधतायुक्त संस्कार भएका राईहरूमध्ये वाम्बुले राई पनि एक हौं । जनसंख्याको आधारमा जगत भेष (मुन्धुममा आधारित संस्कार) मान्ने वाम्बुलेको संख्या पहिलो र होम भेष (हवनमा आधारित संस्कार) मान्नेको संख्या दोस्रो रहेको अनुमान छ । त्यसो त कुनै पनि धर्म वा संस्कार आफैमा नराम्रो हुँदैनन् । यसलाई नराम्रो बनाउँने यसका संचालक (गुरू), अनुयायी र समाज हुन् भन्ने उदाहरणहरू बग्रेल्ती पाइन्छन् । उक्त उदाहरणमा होम संस्कार पनि अपवाद देखिन्न । कुनै पनि कार्यको सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् । यो. कुरा मौलिक संस्कारबाट होम संस्कारमा जानेहरूको हकमा पनि लागु हुन्छ । निश्चय पनि यसका अनुयायी हामीहरूले मौलिक विधिविधानबाट यस संस्कारमा जाँदा केही पाएका र केही गुमाएका छौं । यसको लेखाजोखा (समीक्षा) गरेर खुसी हुनुपर्ने वा दुःख मनाउ गर्नुपर्ने केही छैन । त्यसले कुनै तात्विक अर्थ पनि राख्दैन ।

मौलिक संस्कारको पक्षपोषण गर्दै यस संस्कारको नकारात्मक टिप्पणीले यसमा बसिरहने भावनामा नकारात्मक असर पुऱ्याउँदछ । त्यसो त यहीँ संस्कारमा बसिरहनु पर्दछ भनेर यस संस्कारले कहीँकतै बाँधेको वा बाध्य पारेको छैन । सबैलाई आफ्नो अनुकूलताको संस्कार मान्ने स्वतन्त्रता छ । त्यसो भनिरहँदा यसलाई त्यागेर पुनः पुरानो (मुन्धुममा आधारित जगत भेष)मा नै फर्किन पनि व्यवहारिक रूपमा दुष्कर नै देखिन्छ किनभने यस भेषबाट करिब आधा दशक लामो यात्रा तय गरिसकेकोले यसमा बानी परिसकेको र यस भेषमा लागेर नाक्सो-ङाबुचो र ज्वाम्चो मासिसकेको अवस्था रहेको छ । त्यसैले पनि होला यो भेष त्याग्ने केही दाजुभाइहरू जगत भेषमा नफर्केर इसाई (क्रिस्चियन) र प्रेमवाद (ओमनन्द स्वर्गिक मार्ग) मा प्रवेश गर्नु भएको देखिन्छ ।

त्यसो त संस्कारजन्य कुराहरूमा जगत भेषभन्दा यो होम भेष साह्रै फरक पनि देखिन्न । त्यसकारण मुन्धुममा आधारित मौलिक संस्कार (जगत भेष) को उच्च सम्मान गर्दै यस संस्कारमा रहेको विकृति र विसंगति हटाइ सुधारिएको संस्कारमा आफूलाई समाहित गर्नुको विकल्प देखिंदैन । विद्यमान विकृति र विसंगतिहरू हटाएर होम सस्कारलाई यस्तो उदाहरणीय र अनुकरणीय स्तरमा संचालन र संरक्षण गरौं जहाँ अरूले भन्न सकुन् - अहा संस्कार भनेको त होम संस्कार जस्तो पो ! कति सजिलो कति सरल !!

(नोट : प्रस्तुत 'वाम्बुले राईको होम संस्कारमा सुधारको खाँचो : सन्दर्भ सुद्धै कार्य' आलेखको प्रारम्भिक खाका तयारी भइसकेपछि कोशकार अविनाथ राईसँग गहन छलफल गरी पुनःलेखन गरी प्रकाशनमा ल्याइएको हो । यो लेखको उद्देश्य होम संस्कारको व्यवहारिक पक्ष सुधारका निम्ति समाज, दाजुभाइ बसेर बृहत् छलफल, बहस, समीक्षा गरेर अघि बढ्ने आधार बनोस् भन्ने रहेको छ । यसैगरी प्रकृति र पितृपुजक किराती वाम्बुले राईको परम्परागत मुन्धुम संस्कारसमेत समय सापेक्ष तुल्याउन समाजका दाजुभाइ बसेर बृहत् छलफल, बहस गरी औचित्य सावित गर्दै अघि बढ्न आवश्यक छ । जसले गर्दा मौलिक पहिचान, परम्परा, भाषा, संस्कृति जस्ता सम्पदाहरू जिवित राख्न सघाउ पुग्नेछ ।- सम्पादक)

२० औं वाम्बुले राई भाषा कविता गोष्ठीसँग टाँसिएका सम्झनाहरू

■ शुभचन्द्र राई

कुरो थालनी :

दिमाग ठीक छ तर मन उदास छ । अझै लेख्न सक्छु तर हातले कलम समात्नै मान्दैन । पटक्कै जाँगर चल्दैन । म सधै आशावादी मान्छे र अरूलाई पनि आशा बाँड्ने मान्छे । म सधै सपना देख्ने मान्छे र अरूलाई पनि सपना देखाउने मान्छे । किन मेरो जीवनमा यसरी भारी निराशाको तुवाँलो छायो ? जिन्दगीको हिसाब किताब जोड घटाउ हेर्छु सबै बेठीक छ । अनि कसरी आशाको दियो बल्छ त ? कसरी शुभचन्द्रको कलम चल्छ त ?

गणेशजी, सधै कराउनु हुन्छ । लु न दाजु लिब्जु-भुम्जुमा सुबास दाइ हरायो । पाठकहरूले मलाई करायो । हुन्छ, यसपालीचै पक्का लेख भएपनि कथा भएपनि पठाउँछु भनेर म चरचरी कसम खान्छु तर लेख भने पठाए पठाऐ ।

वाक्क लागेर होला आजभोली गणेशजीले 'लेख पठाऊ बुढा' भनेर कर गर्नु हुन्न । 'लिब्जु-भुम्जु' छापिने बेला घुमाउरो पाराले यत्ति डायलग मार्नु हुन्छ, 'पत्रिका छापिंदै छ है..।' बुझ्नेलाई यत्ति कुरा नै गहिरो छ नबुझ्नेलाई भुत्रो..?

विषय प्रवेश :

अब म खाँट्टी प्रसङ्गमा छिरें । २०औं वाम्बुले राई भाषा कविता गोष्ठी ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिकामा २०७५ मंसिर २० गते हुन गइरहेको थियो । गोष्ठीको धुमधडका प्रचार प्रसार नभएपनि फेसबुकको भित्ताहरूमा छराकछिरिक देखिन्थ्यो । गोष्ठी नजिकिंदै थियो । आयोजक वाम्रास केन्द्रीय समितिलाई तातो लाग्दै थियो । म वाम्रासको केन्द्रीय उपाध्यक्ष भए पनि धरानमा रहेकोले वाम्रासको नियमित बैठकहरूमा उपस्थित हुने र बैठकैपिछे कसै न कसैलाई सहयोग चन्दा तिर्न पर्नेमा चै मलाई भारी छुट थियो ।

गोष्ठी आयोजना हुने मिति करिब १०/१२ दिन जति बाँकी रहँदा गणेशजीले काठमाडौबाट हुकुम फर्माना जारी गर्नु भयो, "लु है दाजै वाम्रास केन्द्रको बैठकले यसपालीको कविता गोष्ठीको निर्णायक संयोजक तपाईलाई राख्ने निर्णय गऱ्यो । वाम्रास केन्द्रकै नबसी गोष्ठीको निर्णय प्रभावकारी भएन । त्यसैले यसपालीदेखि यो थिति बसाल्ने निर्णय भयो ।" एक छिन म अक्क न बक्क भएँ । म बतासे मान्छे कहिले कहाँ कहिले कहाँ ? "हैन हौ मेरो टुङ्गो हुँदैन हौ अरूलाई नै राखे हुँदैन ?" मैले उपाध्यक्षको मन चालें तर कुरा बुझिसकेको थिएँ जानैपर्ने भएछ मानेभञ्ज्याङ ।

उदयपुरको कटारीमा सम्पन्न भएको १९ औं कविता गोष्ठीमा पनि म उपस्थित थिएँ । वाम्रासको अध्यक्ष गजुरधन राई अनुपस्थित हुनुभएकोले र उपाध्यक्ष गणेश राईले दस्तावेजको लागि फोटो खिच्नु पर्ने भएकोले मलाई गोष्ठीको सभाध्यक्षता गर्ने मौका जुरेको

थियो । प्रा.डा. नोबल किशोर राईको प्रमुख आतिथ्यता तथा राष्ट्रिय गानका रचनाकार व्याकुल माइलाको विशेष आतिथ्यता थियो । उक्त गोष्ठीमा वाम्रास केन्द्रीय समितिबाट उपाध्यक्षहरू गणेश राई, शुभचन्द्र राई, अम्बर राई, महासचिव जीवन हाताचो, सहकोषाध्यक्ष मोतीलाल राई, सदस्यहरू युदिष्टिर राई, रामबहादुर राई, महाजित राई र अमृतबहादुर राईको उपस्थिति रहेको थियो । यसरी १९औं कविता गोष्ठीमा सहभागी भइएकोले २०औंमा सहभागी नहुँदा पनि खासै गालपरिंदैन भनेर कविता पनि नलेखी एक किसिमले गोष्ठी हाप्नै लागेको बेला झन् वाम्रास केन्द्रले निर्णायकको ढाकर नै बोकायो ।

मलाई चकचक गरिरहनु पर्छ । कविता गोष्ठीमा उपस्थित हुनुपर्ने भएपछि आफ्नो कला क्षमता अनुसारको केही न केही रचनात्मक, सिर्जनात्मक काम गरौं भन्ने लाग्छ । खोटाङको झाप्पा डाँडामा भएको १५ औं कविता गोष्ठीमा त्यहाँका युवाहरूलाई एकदिने वाम्बुले लिपि लेखन अभ्यास र सकारात्मक सोंच विकास तालिम गणेशजी र मैले दिएका थियौं । त्यसैगरी ओखलढुंगाको सोक्मटारमा व्याकुल माइला फुटबल कपसँगै सम्पन्न १६औं कविता गोष्ठीमा पनि सो तालिम दिएका थियौं । उँबुमा सम्पन्न १७ औं कविता गोष्ठीमा पनि कार्यशाला सम्पन्न गरेका थियौं । १६औं र १७औं दुवै कविता गोष्ठीको प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ चर्चित कवि श्रवण मुकारूङ हुनुहुन्थ्यो ।

उदयपुरको कटारीमा सम्पन्न १९ औ कविता गोष्ठीको अघिल्लो दिने एक दिने अन्तर्क्रिया गर्ने पूर्व योजना बनेर पनि समयले साथ दिएन । भाषण र कविता भन्ने र सुन्ने काममात्र भयो । ओखलढुंगा उदैपुर गाउँमा सम्पन्न १८औं कविता गोष्ठीमा मेरो उपस्थिति थिएन । मानेभञ्ज्याङमा आयोजना हुन लागेको कविता गोष्ठीमा त्यस्तो केही तरंग पैदा गर्ने कि भनेर गणेशजी र मैले खुब सल्लाह गर्‍यौं तर अन्तमा पूर्ण योजनाको खाका तयार नभएकोले फुस्स भयो ।

गोष्ठीमा सहभागिताको लागि तयारी :

कविता गोष्ठी संघारमै आइपुगेको बेला गोष्ठीका प्रमुख अतिथिका लागि निमन्त्रणा गरिएका प्राज्ञ चर्चित कवि श्रवण मुकारूङज्यूको पिताजीको असमायिक निधन भएको खबर सुनियो । उँबुमा भएको १७औं वाम्बुले राई कविता गोष्ठीमा उहाँसँग गज्जब जोडी मिलेको थियो हाम्रो । मानेभञ्ज्याङको जाडोमा मुकारूङको कवितासँग चिरिप्प चिरिप्प पार्दै ज्यान तताउँला भन्ने योजना ढुस्स भयो ।

गोष्ठीमा जानैपर्ने र भूमिका निर्वाह गर्नैपर्ने भएपछि मैले वाम्रास केन्द्रलाई निर्णायक फारामको फर्मेट मागें । अघिल्ला वर्षमा मैले नै तयार पारेको फर्मेट गणेशजीले मेल गरिदिनु भयो । त्यसमा केही परिमार्जन र सुधार गरेर सुझावको लागि फेरि केन्द्रलाई मेल गरें । निर्णयको फर्मेटलाई पूरा गरेर प्रिन्ट गरी तीनवटा फायल तयार गरे । फर्मेटलाई पेनड्राइभमा कपी गरें । वाम्बुले साँस्कृतिक पोशाकमा चट्ट सजिएर निर्णय गर्नु र सुनाउनु पर्ने भएकोले खाँडीको दौरा सुरूवाल, अल्लोको कोट, वाम्बुले टोपीलाई इस्तिरी लगाई चिरिच्याट्ट पारेर जतनले झोलामा हालें । अन्य आवश्यक लुगाफाटा र सामानहरू हालेपछि झोला भुक्क फुलेको देखियो । पैसाको थैलो हेरे त्यो चै सिद्राजस्तै स्याप्पै सुकेको भेटियो । तर मेरो २०औं कविता गोष्ठीको यात्राको पूर्ण तयारी भइसकेको थियो ।

धरानबाट यात्रा थालनी

मंसिर १९ गते बिहान ४ बजेको लागि बसको सिट रिजर्ब गरिदिएको थियो छोराले । १८ गते वाम्रास सुनसरीका अध्यक्ष धर्मराज राई (कुमार) दाइको छोरा सुमनको बिहेका जन्ती जानुपर्ने भयो । बुढाहरूले नगरन भन्दाभन्दै मलाई धकेलेर बुढाहरूको लाइनमा उभ्याएर मेरो आयु भुसुक्कै घटाए । कल्ले रितमा म पनि बस्नै पर्ने भो । म किरात राई यायोक्खा सुनसरीको चल्तापुर्जा पूर्वअध्यक्ष भएकोले पनि अलि शान पनि हुने नै भयो । मान पनि हुने नै भयो । बेहुली भित्र्याएर बेहुलाको घरबाट म आफ्नो कोठा आइपुग्दा रातको १ बजेको थियो । बिहान ठीक ४ बजे बस स्ट्याण्डमा पुग्दा थाहा भयो ओखलढुंगा जाने बसले बाटैमा गति छाडेछ । धरान आइपुगेनछ । खोटाङ हलेसी जाने बस हिड्न तयार थियो । जसरी भएपनि पुग्नै पर्ने भएपछि हिलेपानी भञ्ज्याङ (मितेरीभञ्ज्याङ) बाट अर्को उपाय खोज्ने गरी त्यसै बसमा चढियो । कमिसन नमिलेर करिब १ घण्टा ढिलो भयो । गाडीको कन्ट्याक्टर वाम्बुले केटो नै रैछ । इटहरी पुगेपछि उनले नै काकारभिट्टाबाट आएको सोलु जाने बसमा चढाइदिएपछि बल्ल मेरो झुर होलाजस्तो यात्रा शुभयात्रा हुने संकेत देखियो ।

सोलु हिंडेको बसको भरखरको बाहुन क्षेत्री अनुहारको दारीवाला युवा डाइभर भाइ डाइभर

होइन रैछ पाइलट रहेछ हैट गाडी त उडाएको उडाऐ । इटहरी देखि ७:३० बजे हिडेको गाडी मानेभञ्ज्याङमा ठ्याक्कै २ बजे पुर्‍यायो, त्यो पनि हर्कपुरमा यात्रुलाई खाना खुवाएर । मितेरी भञ्ज्याङ उकालो लाग्दा वाम्रास केन्द्रीय अध्यक्ष गजुरधनसँग छिस्लिक्कै सम्पर्क भएको थियो । मैले भञ्ज्याङ काटें भनेर सुनाएको सन्देश, भर्खर बेतेनी भञ्ज्याङ काटेछ भन्ने बुझिएछ । म मानेभञ्ज्याङ पुगेको एक घण्टा भइसक्यो बुढाहरू आइपुग्दैनन् त ? कुरा बुझ्दा मितेरी भञ्ज्याङमा बिसाएछन् । दिनको ३:३० बजेतिर उहाँहरू आइपुग्नु भएपछि व्यवस्थापकज्यूहरूको निर्देशनअनुसार मामा होटलमा बासको टुंगो लाग्यो । अनि कुम्लोकुटुरो थन्काई हामी कविता गोष्ठी हुने स्थलको निरीक्षणमा निस्क्यौं । गोष्ठीका प्रमुख अतिथि व्याकुल माइला, वाम्रास केन्द्रीय अध्यक्ष गजुरधन, उपाध्यक्ष गणेश र म, महासचिव जीवन हाताचो, ओखलढुंगा समाज युकेका पूर्वअध्यक्ष कमल राईलगायत केही व्यवस्थापकहरू हाम्रो टीममा थियौं ।

गाउँपालिका उपाध्यक्षको आतिथ्यता

कार्यक्रम स्थल गाउँपालिकाकै प्रांगणमा निर्माण गरिएको रहेछ । गा.पा. उपाध्यक्ष सबिता राईले अध्यक्षकै कार्यकक्षमा मिठो चियापान गराउनु भयो । गाउँपालिकाका कार्यकारी अधिकृत भागवतप्रसाद रेग्मी, श्री भगवती माविका शिक्षक नारायण बाँस्तोलालगायत बीच मानेभञ्ज्याङ गाउँपालिकाको समृद्धि र विकास एवं कृषि र शिक्षा, पर्यटन प्रवर्द्धन, बिजुली, खानेपानी सम्बन्धी निक्कै लामो छलफल अन्तरक्रिया भयो । कसले कुन स्थानबाट कति सहयोग र योगदान गर्न सकिन्छ ? भन्नेबारे प्रतिवद्धता व्यक्त गर्ने काम भयो । समय निकै बित्यो । उधुमै जाडो बढ्यो । हामी उपाध्यक्षको टीमसँग बिदा मागेर गाँसबाँस स्थलतर्फ झर्‍यौं ।

कवितागोष्ठीमा सहभागी मानेभन्ज्याङ गाउँपालिकाका वडाअध्यक्षहरू ।

कविता गोष्ठीको नाम र कविताको शीर्षकमा चर्काचर्की

खानाखाने ठाउँ मनकुमार राईको पाहुना होटलमा आइपुगेपछि अध्यक्ष, म र महासचिव जाडो भगाउने तरखरमा लाग्यौं । अर्का उपाध्यक्ष गणेश जेठा र प्रमुख अतिथि माइला पित्रीमा नचल्ने । व्यवस्थापक वाराशिसका गुरूहरू पनि सप्रिएका देखिए । निर्णायक मण्डलका सदस्य शिक्षा अधिकृत पेशल राई पनि आइपुग्नु भयो । कुरा सुरूभयो, कविताको गन्तीबाट । उपाध्यक्ष गणेशजीले मलाई काठमाडौबाट जम्मा ३ वटामात्र प्रतियोगी कविताहरू पठाइदिनु भएको थियो । मानेभञ्ज्याङमा व्यवस्थापकहरूलाई सोध्दा ७ वटा जति दर्ता भएको बुझियो । किन प्रतियोगीतामा कविता संख्या घट्यो ? भन्दा कवितालाई बन्ध्याकरण गरियो । कविहरूले दिल खोलेर आफ्नो मनको भाव र कुराहरू कवितामा लेख्न पाएनन् । कविताको शीर्षक नै दिएकोले प्रतियोगिहरूको संख्या घटेको हो भन्ने तर्क निस्कियो । युवा कवि गगनजी निकै सुरिएर तर्कको लागि रेडी थिए कुनामा । चस्मा मिलाउँदै पेशलजी कविताको शीर्षक प्रतिको आफ्नो रिजरभेसन पहिलेदेखि नै रहेको जानकारी गराउनु भयो । शुभराज काजीबाट कविताको शीर्षक पनि कविता गोष्ठी नभएर प्रतियोगिता हुनुपर्ने सुझाव आए । अन्तमा महासचिव जीवन हाताचो र अध्यक्ष गजुरधनले कविताको शीर्षक दिंदा त्यसप्रति कविहरूको चासो बढ्ने, त्यसको खोज अनुसन्धान हुने, त्यही शीर्षकमा केन्द्रित हुँदा बढी ऐतिहासिक पक्ष, तथ्यहरू बाहिर आउने भएकोले कविताको शीर्षक किटान गरिएको हो । यसबारे निरन्तर छलफल, विचार विश्लेषण गर्दै आगामी दिनहरूमा सुधार परिमार्जन गर्दै जाने सहमतिका साथ अन्तर्क्रिया टुङ्ग्याई भोजन गरेर सुकला गर्ने कार्य भयो ।

२० औ वाम्बुले राई कविता गोष्ठीको पहिलो चरण

समयलाई नचिन्नेहरू समयबाट जहिल्यै पछारिन्छन् । वाम्बुले राई कविता गोष्ठीको पनि

'सुरिम' कविता सङ्ग्रह विमोचन गरिँदै ।

जहिल्यै समयमा सुरू नहुने महादशा छ । १० बजे सुरू गर्ने भनिएको गोष्ठी ढिलै भए पनि १२ बजे त कसो सुरू नहोला भन्ने लागेको थियो तर ठ्याक्कै ४ घण्टा ढिलो २ बजेमात्र सुरू भयो । गाउँपालिकाकै आधुनिक साउण्ड सिस्टम रैछ तर मरिगए अरूलाई नटेर्ने । वडा नं.३ का वडाध्यक्ष मेडल राईलाई मात्र पत्याउने । उता वडाध्यक्ष बिहे समारोहमा हुनुहुन्छ भन्ने सुनियो । यता साउण्ड सिस्टमले भाका टिप्दैन त ! आऽ जस्तो छ त्यस्तै काम चलाऊँ भनेको बेला वडाध्यक्षज्यू टुप्लुक्कै आइपुग्नु भयो । त्यसपछि भने माइक पनि हौसियर करायो । महासचिव जीवन हाताचोले पनि जोसिएर कार्यक्रम सुरू गर्नुभयो । त्यानेने आसन ग्रहण, ब्याज, फूलमाला पहिरन । यस्तोमा कसैलाई छुटाए अपमान हुने, नाक दुख्ने, चित्त फाट्ने, पित्तै फुट्नेसम्म हुन्छ । व्यवस्थापक वाराशिस र वाम्रास ओखलढुंगाले दिएको करिब ३ पत्ते अतिथिहरूको नाम सक्दो महासचिवज्यूले छुटाउनु भएन होला कसैको चित्त दुखेको गुनासो सुनिएन ।

शम्भु राईले त्यसै गीत गाएको होइन रहेछ "भरोसा छैन जीवनको बिताउँ हाँसेर ।" उदयपुरको कटारीमा सम्पन्न भएको १९ औं कविता गोष्ठीमा चिटिक्क वाम्बुले पोशाक लगाएर सहभागी भएका वाम्रास केन्द्रीय समितिका सक्रिय सदस्य युदिष्टर राईको २० औं कविता गोष्ठीमा उनको फोटोमा श्रद्धाञ्जली दिनुपर्ने पीडा वाम्रासलाई आइपऱ्यो । यसै संस्मरणमार्फत् म प्रिय मित्र युदिष्टिरको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछु ।

सामुहिक राष्ट्रिय गानपश्चात् व्यवस्थापन समिति वाराशिसका केन्द्रीय अध्यक्ष बुद्धिबहादुर राईको छोटो मिठो स्वागत मन्तव्य रह्यो । त्यसपछि वाम्रासको केन्द्रीय उपाध्यक्ष गणेश राईले विमोचन हुन लागेको पुस्तक 'सुरिम' (१९औं कविता गोष्ठीमा वाचित सुरिम शीर्षकको कविताको संग्रह) पुस्तक र लिब्जु-भुम्जुका २५ वर्षे यात्रापछि नयाँ नाम 'इक लिब्जु भुम्जु' पत्रिकाको पहिलो अंकबारे बोल्नुभयो । त्यसपछि विमोचन गरिएको थियो ।

सामुहिक विमोचन सँगसँगै 'लिब्जु भुम्जु पुरस्कार-२०७४' युवा कवि सुमन जाबालाई प्रदान

गरिएको थियो । यसपछि वडाध्यक्षहरूको तर्फबाट वडाध्यक्ष रामकुमार राई र भगवती माविका प्रधानाध्यापक गुरूप्रसाद ढुंगानाले शुभकामना मन्तव्य राख्नुभयो । यसपछि 'वाम्रास ज्येष्ठ नागरिक सम्मान'तर्फ कार्यक्रम मोडियो । हामी १५औं कविता गोष्ठी झाप्पागाउँदेखि यसरी बुढापाकालाई सम्मान परम्परा थालनी गरेका हौं । यसको परिकल्पनाकार तथा प्रायोजक वाम्रास संस्थापक कोषाध्यक्ष दिलकुमारी राईलाई जान्छ । यो वर्ष छैटौं शृंखलामा ३२ जनालाई सम्मान गर्ने व्यवस्थापकले केन्द्रलाई जानकारी गराएको थियो । त्यसैअनुसारको तयारी रह्यो । तर, मंसिरको जाडो मौसममा समुद्री सतहदेखि दुई हजार मिटर उचाई हारहारीमा रहेको छ, मानेभञ्ज्याङ बजार । नामावलीअनुसारको बुढापाकाहरू टाढा टाढाबाट आइपुग्न सक्नु भएन । सोह्रजना जति बुढी बोजुहरू र बुढा बाजेहरूलाई प्रमुख अतिथि व्याकुल माइला, गाउँपालिका प्रमुख मोतीराज राई, उपप्रमुख सबिता राई, सभाध्यक्ष गजुरधन राईले १ थान दोसल्ला (कम्बल) ओढाएर प्रमाणपत्र प्रदान गर्नुभयो । यो पल्ट प्रमाणपत्र फ्रेम विना दिनु पर्ने परिस्थिति आयो किनकि धेरै संख्यामा फ्रेम काठमाडौंबाट ल्याउन असहज भयो ।

सम्मान गरिएपछि गाउँपालिका उपाध्यक्ष, अध्यक्ष र प्रमुख अतिथिको मन्तव्यसहित सभाध्यक्ष गजुरधन राईज्यूले प्रथम चरणको कार्यक्रमलाई मैजारू गर्नुभयो । महासचिवज्यूले पनि बिदा लिए । यतिबेलो ५ बज्नै लागेको थियो । झ्याप्पै साँझ पऱ्यो । जाडो बढेर खपिनसक्नु भयो । कार्यक्रमको मुख्यअंश कविता गोष्ठी सुरू भएकै छैन । आफू निणार्यक संयोजक भित्री कोट लाउन पनि नमिल्ने । यो दशा जहिल्यै मैलेमात्र भोग्नु पर्ने ? झोंक पनि चल्यो तर खै रिस कसलाई देखाउने आफैं आयोजक ।

कविता प्रतियोगिता सुरू

दोस्रो चरणमा वाम्रास ओखलढुङ्गाका सचिव कल्याण पाहुनाले वाम्बुले राई भाषाबाट कविता

'इक लिब्जु भुम्जु' पहिलो अंक विमोचन गरिँदै ।

प्रतियोगिता अगाडि बढाए । यी युवासँग उद्घोषण गर्ने निक्कै राम्रो कला छ । निर्णायक संयोजक शुभचन्द्र राई, सदस्यहरू शिक्षा अधिकृत पेशल राई र कवि बिर्जमान राईले थचक्कै आसन ग्रहण गऱ्यौं । प्रतियोगी कविहरू बढेर २४ जना पुगेछन् । निर्णायक संयोजकको हैसियतले मैले प्रतियोगी कविहरूले पालना गर्नु पर्ने नियम कानून र कुनकुन पक्षमा कति अंक पाउनेछन् भन्नेबारे बताएँ । प्रतियोगिता सुरू भयो । हामी निर्णायकहरूले सेतो खरायोले झैं कान ठाडो पाऱ्यौं ।

"खाक्चिलुपा रिनाखा" शीर्षकको कविता ड्याम्मे सुरूभो । कुनै कविता चेलीलाई चासुवा, चातोम दिएझैं । कुनै कविता पितृ पूजा गरेझैं । कुनै कविता सेसा फेली गरेझैं । कुनै कविताको न फेद छ, न टुप्पो छ । ए बाबा हो ? यो शीर्षकको निर्णायकमा ता नाक्सो ङाबुचोलाई राख्नु पर्ने रैछा भन्ने लाग्यो । फकुलको पुराना कवि गायक इन्द्र जाबाको अन्तिम प्रतियोगी कविता वाचनपश्चात् प्रतियोगिता सकियो । दर्शक श्रोताहरू चौरमा आगो दनन बालेर कविता सुन्दै थिए । खै के बुझेर हो कोनी ट्याप ट्याप ताली पनि बजाउँदै थिए । हामी निर्णायकले त राम्ररी बुझेनौं कविता ?

निर्णायक फारामलाई एक्सलमा सूत्र हालेर तयार गरेकै थिएँ । वडा नं.५ का वडाध्यक्ष रामकुमार राईको चिटिक्कै परको सपेटी ल्यापटप बोकेर हामी निर्णायक टिम वडाध्यक्षकै कार्यकक्षमा प्रवेश गऱ्यौं । सबै प्रतियोगीहरूको नाम पहिले नै टाइप गरिसकेको थिएँ । प्रतियोगीहरूले प्राप्त गरेको फूल मार्कलाई भरेपछि कम्प्यूटर महोदयले आफै नतिजा निकाली हाल्यो । नतिजा १० मिनटमै तयार भयो । मलाई लाग्छ वाम्बुले राई भाषाको कविता गोष्ठीको इतिहासमै भएको यो सबैभन्दा छिटो निर्णय हो ।

प्रतियोगिताको नतिजा प्रकाशन

मेरो निर्णायक मण्डलका साथीहरूले प्रतियोगिहरूलाई दिएको मार्क हेरेर म आफै दङ्ग परें । हाम्रो नतिजामा २/३ अंकको बाहेक कुनैमा पनि फरक थिएन । निर्णय सुनाउनुभन्दा पहिले

सबैको ध्यानाकर्षण गर्न र कार्यक्रमलाई रोचक बनाउन मैले विभिन्न उदाहरण र प्रसंगहरू जोडेर वातावरण निर्माण गरेपछि मैले गर्वसाथ प्रतियोगिताको नतिजा प्रकाशन गरें । मानेभन्ज्याङ गाउँपालिका-५ का मातृभाषी कवि प्रशान्तबहादुर राई प्रथम भए । जसले प्रतियोगिताको सुरूमै पाउनु ताली पाएका थिए । मानेभन्ज्याङ-५ कै नमेशबहादुर राई दोस्रो र मानेभन्ज्याङ-६ का मंगलदर्शन राईले तेस्रो भए । मानेभन्ज्याङ-३ का इन्द्रजाबा राई र रेन्जा वाम्बुले राईले सान्त्वना पुरस्कार प्राप्त गरे ।

कवि तथा पत्रकार पुष्पहरि क्याम्पाराईद्वारा स्थापित 'लिब्जु भुम्जु पुरस्कार' विजेता मेरा आफ्नै भतिज अप्सन राई पनि प्रतियोगी थिए । तर उनले कुनै पुरस्कार जितेनन् । यस अर्थमा निर्णयमा नातावाद कृपावाद भएन भन्ने मेरो दृढ विश्वास छ । नारी स्रष्टाहरू उपस्थिति दरिलो हुँदाहुँदै पनि निर्णायक सदस्यहरूले तयार पारेको कसीमा यस पटक पर्न सकेनन् । यसलाई वाम्बुले राईहरूको भविष्यको साहित्यिक यात्राले कसी लाउने नै छ । एउटा भनाई छ "तपाई जतिसुकै राम्रो काम गर्नुहोस् समाज जहिले पनि तपाईको एउटा गल्तीको पर्खाइमा बसिरहेको हुन्छ ।" शुभचन्द्र अपवाद हुन सक्दैन म समाजको मूल्यांकनलाई स्वीकार गर्न तयार छु ।

प्रतियोगिताको पुरस्कार वितरण

मानेभञ्ज्याङ्ग डाँडाको त्यत्रो जाडोमा खै के पर्खेको हो कोनी स्टेज अगाडिको मैदानमा आगो दन्काएर त्यत्रो जनसमुदाय हामीलाई पर्खिरहेका थिए । घर गएकै थिएनन् । मान्छेहरू ज्याद्रो नै रहेछन् भन्ने लाग्यो । बीचमा देखाइएको चेलीहरूको नृत्यले पनि निक्कै माहौल ततायो । वाम्बुले राईहरूमात्र होइन, मगर, तामाङ, क्षेत्री, बाहुन, दलित मिश्रित मानेभञ्ज्याङ बजारमा हामी सँगै रह्यौं । विजयी कविलाई क्रमशः नगद पुरस्कार, प्रमाणपत्र र वाम्बुले प्रकाशनहरू प्रदान गरेर सम्मानित गरियो । फूलमाला पहिराइयो । यसपाली साँच्चै खादा

छाडेर सबै अतिथिहरू र विजयी कविलाई फूलमाला नै पहिराइयो । बिछट्टै राम्रो फोटोहरू खिचेपछि रातको करिब ८:३० बजे व्यवस्थापन समिति वाम्रास ओखलढुङ्गाका अध्यक्ष शेरबहादुर राईले सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो ।

यसरी वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाको २१औं स्थापना दिवसको अवसरमा मानेभन्ज्याङमा आयोजित '२०औं वाम्बुले राई मातृभाषाको कविता गोष्ठी' आयोजना गरेर इतिहासमा एउटा कोसेढुंगा गाड्ने काम भएको छ । यो कार्यमा स्थानीय सरकार मानेभञ्ज्याङ्ग गाउँपालिकाले भरपूर सहयोग गरेको छ । जुन कार्यलाई संघीय नेपालको बहुजाति, बहुभाषा, बहुसांस्कृतिक विविधताको कदर गरेको भन्न सकिन्छ । यसरी भाषा र संस्कृतिको संरक्षण कार्यमा नयाँ पुस्ताका वाम्बुले राईहरूको काँधमा यो इतिहासलाई निरन्तर अगाडि बढाउने जिम्मेवारी थपियो ।

धन्यवाद ज्ञापन

निर्णायकको काम ज्यादै चुनौतीको काम र जस अपजसको काम पनि हो । २०औं वाम्बुले राई भाषाको कविता गोष्ठीमा यो चुनौती शुभचन्द्र, पेशल र बिर्जमानको काँधमा वाम्रास केन्द्रीय समितिले सुम्पियो । वाम्रास केन्द्रीय समितिले हामीलाई निर्णायक बन्न योग्य ठानेकोमा वाम्रासप्रति आभार व्यक्त गर्न चाहन्छु । निर्णायक मण्डलका मेरो सहृदयी मित्रहरू पेशल राई र बिर्जमान राईलाई म धन्यवादसहित अँगालो नै हाल्न चाहन्छु । यी दुई मनुष्यलाई यो दाजुको सदा माया र आशिर्वाद रहने छ ।

मेरो यसै संस्मरण लेखबाट गोष्ठीमा महत्वपूर्ण सहयोगको लागि मानेभञ्ज्याङ्ग गाउँपालिकाका अध्यक्ष मोतीराज राई र उपाध्यक्ष सबिता राईप्रति हार्दिक धन्यवादसहित सम्मान व्यक्त गर्न चाहन्छु । त्यसैगरी वडा नं. १ का वडाध्यक्ष राजकुमार रूम्दाली राई, वडा नं.२ का वडाध्यक्ष उमेश कार्की, वडा नं.३ का वडाध्यक्ष मेडल राई, वडा नं. ४ का वडाध्यक्ष सन्तबहादुर तामाङ, वडा नं.५ का अध्यक्ष रामकुमार राई, वडा नं. ६ का वडाध्यक्ष हेमराज राई, वडा नं.७ का वडाध्यक्ष केशवप्रसाद ढुंगाना, वडा नं.८ का वडाध्यक्ष भिमबहादुर बलम्पाकी मगर र वडा नं. ९ का वडाध्यक्ष नानीबाबु सिदाली मगरप्रति विशेष धन्यवाद तथा आभार प्रकट गर्दछु । उहाँहरू गरिमामय उपस्थितिसहित साथसहयोग तथा कार्यगत एकताले यस गाउँपालिकामा बसोबास गर्ने विविध भाषा र संस्कृतिको संरक्षण संवर्द्धन हुने र समृद्धि तथा समुन्नत समाजको परिकल्पना साकार हुने ठानेका छौं । अझ वडा नं.१ का वडाध्यक्ष रूम्दालीज्यूले २०७६ साल मंसिर २० गते हुने '२१औं वाम्बुले राई भाषाको कविता गोष्ठी' आफ्नो वडा मोली गाउँमा हुनुपर्ने र त्यसनिम्ति वडापालिकाले सहयोग गर्ने घोषणा गर्नुभएप्रति हार्दिक नमन गर्दछौं ।

कविता गोष्ठीलाई सभ्य र भव्य बनाउन अहोरात्र खट्नु हुने केन्द्रीय सदस्य महाजित राई, व्यवस्थापक वाम्बुले राई शिक्षक समाज (वाराशिस) केन्द्रीय समितिका अध्यक्ष बुद्धिबहादुर राई, महासचिव दिपकबहादुर राईलगायत वाराशिस टीम र वाम्बुले राई समाज ओखलढुंगाका अध्यक्ष शेरबहादुर राई र सचिव कल्याण पाहुना एवं कार्यसमितिलाई शिर झुकाएर नमन गरें । आफ्नो व्यस्तताको वावजुद प्रतियोगिताकै दिन काठमाडौंबाट हुइकिएर मानेभञ्ज्याङ्ग आइपुगी विशेष भूमिका निर्वाह गर्नुहुने वाम्रास केन्द्रीय समितिका कोषाध्यक्ष सीताकुमारी राई

र सचिव अरूणा राईलाई स्याब्बास भन्न चाहन्छु । वाम्रासका डाइनामिक लिडरहरू अध्यक्ष गजुरधन राई, उपाध्यक्ष गणेश राई र महासचिव जीवन हाताचोप्रति आभार व्यक्त गर्दछु । आफ्नो अत्यन्त व्यस्तताको समयमा पनि गोष्ठीको शोभा बढाउन एवं सहयोग पुऱ्याउन रूम्जाटारबाट आउनु भएका वेल्फर अफिसर वाम्रास केन्द्रीय सल्लाहकार सिंगापुर पूर्व इन्सपेक्टर श्यामकुमार राई साहब र युके वाम्रासका पूर्वसदस्य कमल राईलाई यो संस्मरण लेखमार्फत् सम्झना गर्दै कृतज्ञता प्रकट गर्दछु । कार्यक्रमका प्रमुख अतिथि वाम्बुले कुलका गौरब व्याकुल माइलाप्रति सम्मान व्यक्त गर्न चाहन्छु । यो लेखमा धन्यावद दिनै पर्ने धेरै नामहरू छुटे होलान्, जसप्रति क्षमा चाहन्छु ।

तुरौनीमा :

"इतिहास आफै बन्दैन आफैले बनाउनु पर्छ । जीवन पाउन भाग्यमा निर्भर छ । मृत्यु आउन समयमा निर्भर छ तर मृत्युपछि पनि सबैले याद गर्नु यो कर्ममा निर्भर छ ।" यी माथिका वाक्यहरूप्रति म सहमत छु । वाम्बुले राई कविता गोष्ठीमा सकेसम्म मेरो निरन्तर सहभागिता छ । सहभागी हुने कोशिस जारी छ । यी गोष्ठीहरूलाई मैले केही दिएको पनि छु र गोष्ठीहरूबाट केही पाएको पनि छु ।

वाम्रासका केन्द्रीय उपाध्यक्ष गणेशलाई मैल वाम्बुले भाषाको श्रीवृद्धिका लागि लागिपर्ने अथक योद्धा यलम्बरकै उपमा दिएको छु । यो युद्धमा कमसेकम यो शुभचन्द्रले पनि सिपाईको रूपमा युद्ध लड्न एउटा तरवारसम्म समाउने काम गऱ्यो भन्ने ठान्छु । वाम्बुले पहिचान जोगाउने र इतिहास निर्माण गर्ने यो लडाइँ आगामी पुस्ताहरूबाट निरन्तरताको कामना गर्दै कलम बन्द गर्छु । जय वाम्रास ।

pcrdta.sabal@gmail□com

'खाक्चिलुपा' र 'रिनाखा'को आविष्कारलाई 'रिप्लेस' गर्ने चीज के थियो ?

■ सुमन जाबा

बैशाखको महिना थियो, नयाँ वर्षसँगै बसन्त ऋतुको मौका छोपेर प्रकृति बैंसले मात्तिएकी थिई । अचानक गणेश दाजुको म्यासेज आयोः 'तपाईंलाई बधाई छ, अविनाथ राईज्यूको तर्फबाट खबर यो छ कि लिब्जु-भुम्जु कविता पुरस्कार-२०७४ तपाईंको कविताले बाजी मारेको छ ।' त्यति बेला म भेडेटारको सिरेटोमा साथीहरूसँग बसेर बँगुरको सेकुवाको मासुबाट छाला छुट्याउँदै चपाउँदै थिएँ । त्यो सानो जमातमा कोकाकोलाको गिलास मेरो हातमा मात्रै थियो, यही खुशीमा छेऊको साथीलाई थप सेकुवा खान कर गरेँ । तर, उनी मानेनन् । लरबरिएको बोलीमा जवाफ दिए- 'म एकदमै आफ्नो स्वास्थ्यप्रति सचेत छु, कोलेस्टेरोल मेन्टेन गर्न चिल्लो-चाप्लो खान छोडिसकेँ ।' अहो ! कस्तो गज्जब जवाफ ! म दँग परेँ ।

गणेश दाजुको म्यासेजले म भित्र-भित्र धेरै खुशी भइराखेको थिएँ, धन्यवाद फर्काएँ उहाँलाई । सुरूसुरूमा वाम्बुले भाषामा कविता लेख्नुपर्छ भनेर हौस्याउने मित्र विकास सौगात हुन्, त्यसैको परिणाम थियो आजको यो फल । आफ्नो जातिको लागि मैले गर्नसक्ने केही छ जस्तो मलाई लाग्दैनथ्यो । केही गर्न खोजेपनि त्यो स्वाङ्ग पारेजस्तो, नाटक गरेजस्तो अनपत्यार खालको हुन्छ होला भन्ने डर

थियो मनमा । तर, यस घटनाले वाम्बुले भाषा साहित्यमा केही गर्न सकिने रहेछ भन्ने आभाष दिलायो ।

करिब छ महिनापछि निम्तो पत्र आयो, ओखलढुंगाको मानेभञ्ज्याङ्ग गाउँपालिका भवनको प्राङ्गणमा मँसिर २० मा सम्पन्न हुन गइरहेको '२० औं वाम्बुले कविता गोष्ठी' पुरस्कार ग्रहण तथा कविता वाचनको लागि आउनु भनेर । सोही मितिमा मैले काम गर्दै गरेको संस्थाको संस्थागत वार्षिक समीक्षा गोष्ठी नेपालगञ्जमा हुन गइराखेको कारणले म साह्रै धर्मसंकटमा परेँ । सँस्थाको तर्फबाट नेपालगञ्ज जानैपर्ने प्रेसर थियो, अर्कोतिर कविता गोष्ठीमा सहभागी हुनु मेरो निम्ति उत्तिकै महत्वपूर्ण । अझ व्यक्तिगत रूपमा यो ऐतिहासिक क्षण हुनेवाला थियो, जुन म गुमाउन चाहन्नथेँ । आखिरमा पूर्वमा रहेका संस्थाहरूको समीक्षा गोष्ठीपछि पुर्वतिर नै गराउने भन्ने खबर आएपछि म फुरूँङ्ग भएँ ।

मँसिर १९ गते बिहान करिब १० बजेतिर पवन भाइलाई लिएर बाइकबाटै ओखलढुंगाको लागि यात्रा थाल्यौँ । दुई वर्षअघि बाइकबाटै गाउँ फर्केको थिएँ, बाटो राम्रो थियो । यसैले यो यात्रा पनि आरामदायी र रोमाञ्चक हुने कुरामा म ढुक्क थिएँ । तर मिर्चैयाबाट कटारीको बाटो केही पार गरेपछि नमिठो एड्भेन्चर सुरू भयो । रोडको बेहाल, सर्वत्र खाल्टाखुल्टी अनि धुलैधुलो । कटारीबाट घुर्मीसम्मको यात्रा झनै त्रासदीपूर्ण, विपरीत दिशाबाट कुनै गाडी आयो भने धुलोले एकछिन केही देखिँदैनथ्यो । दुई वर्ष अगाडि त्यहीँ बाटोमा आरामदायी यात्रा नगरेको भए, सायद यत्ति पीडा हुँदैनथ्यो कि !

कुनै समय बाटो यही थियो, हालत यस्तै थियो । बसमा सिटको लागि टिकट पाइँदैनथ्यो,

अनि यात्रा सधैँ बसको छतमा । तरपनि यात्रा रमाइलो नै लाग्थ्यो । रोमाञ्चक नै हुन्थ्यो । तर आज यो ज्यानले किन राजदरबारमै हुर्केजस्तो अभिनय गरिरहेछ ? आफैँले आफैँलाई प्रश्न गरेँ ।

लगभग राति आठ बजेतिर घुर्मी पुग्यौँ । फत्रक्कै थाकिएको हुनाले घुर्मीमै बास बस्ने कि मानेभञ्ज्याङ्ग नै पुग्ने भन्ने बारेमा एकछिन अलमलियौँ । गणेश दाजुले सम्पर्क गर्दै जानु भनेर रामकुमार राईको नम्बर दिनुभएको थियो, मैले फोन गरेँ । रामकुमार राईज्यूले 'यता सबै व्यवस्था छ, दुःख-सुख मिलेर बसौँला, मानेभञ्ज्याङ्ग चोकमा आएर फेरि कल गर्नु' भनेपछि फेरि हामी सुनकोशी तरेर उकालो लाग्यौँ । रामकुमार राईसँग यो भन्दा कहिल्यै भेट भएको थिएन ।

मानेभञ्ज्याङ्ग पुगेपछि रामकुमार दाजुले एउटा दोकानभित्र लानुभो र सबैसँग भेटाउनु भयो, जहाँ टेबल वरिपरि शुभचन्द्र राई, गणेश राई, व्याकुल माइला, गजुरधन राई, जीवन हाताचो जस्ता वाम्बुले समुदायका दिग्गज व्यक्तित्वहरू मौजुद हुनुहुन्थ्यो, साथमा सानो जुरेको टंके मामा (टंकराज राई) लगायत थुप्रै अपरिचित अनुहारहरू पनि थिए । उज्यालोमा नियालेर रामकुमार राईको मुहारमा हेरेँ, उहाँ त वर्षौँदेखि फेसबुकमा साथी बनेका मानिस रहेछन्- 'आङ्गुस वाम्बुले' । साथै मानेभञ्ज्याङ्ग गाउँपालिका-५ को वडाध्यक्ष र राष्ट्रिय ब्याडमिन्टनका खेलाडी पनि । मैले भनेँ- 'एहे, आङ्गुस दा उनुस् रैछा है', उहाँले 'हो हो' भन्नुभो अनि हामी गलल्ल हाँस्यौँ ।

फेसबुकमा वर्षौँदेखि नाता जोडिएको भए पनि आमनेसामने रूपमा प्रायः सबैसँग यो भेट पहिलो पटक थियो । कुरैकुरामा जीवन हाताचोज्यूलाई दाजु भनेर सम्बोधन गरेँ । उहाँले हपार्दै भन्नु'भो- 'बुवासँग हामी दाजुभाइ हौँ, यसैले तिमीले मलाई पापजेठा (काका) भन्नुपर्छ ।' त्यसपछि मैले उहाँलाई काका भनेर सम्बोधन गरेँ ।

उहाँले सोध्नु'भो- 'तिमीले पहिला मलाई जान्दथ्यौ ?'

मैले भनेँ- 'म सानो हुँदा सुनेको थिएँ, जीवन हाताचो भन्ने मान्छेले गाउँघरको मेलामा हुने लडाइँमा दुईचार जना एक्लैले भ्याउँथ्यो रे'!'

तुरून्त मलाई बीचैमा रोकेर भन्नु'भो- 'लु भयो- भयो, मेरो बारेमा तिमीले राम्रो सुनेको रहेनछौ ।' पुनः वरिपरि हाँसो गुञ्जियो ।

हाम्रो लागि तातोपानी मगाइयो । पिउँदै बस्यौँ । सबैको मुहारमा एक नजर डुलाएँ, सबैको आँखा लोलाएजस्तो हल्का नशालु देखिन्थ्यो । यत्तिकैमा व्याकुल माइलाज्यूले गिलास उठाउनुभो र भन्नुभो- 'हाम्रो खाक्चिलुपा र रिनाखाको आविस्कारलाई रिप्लेस गर्ने चीज चाहिँ यही रै'छ क्या', यति भनेर गिलासको पेय पदार्थ स्वाट्टै पार्नुभो । अरूहरूले पनि हो मा हो मिलाउँदै पूर्ण सहमति दर्शाउनुभो । उहाँको गिलासमा के थियो, यकिन चाँहि भन्न सक्दिँन । तर, दायाँ बायाँ हेर्दा रूस्लानका बोतलहरू टेबलभरि ठडिएका थिए ।

चार प्रहर रात बिताउनुपर्ने कता हो भन्ने आशयमा आङ्गुस वाम्बुलेसँग कुरा गरेँ । उहाँले भन्नुभो- 'यहाँ एउटै राम्रो भएको मामा होटल सबै प्याक भएकोले अब यहीँ माथि सुत्नुपर्छ, ओढ्ने लुगा अपुग भएमा आफ्नै ज्याकेट टोपी झ्याप्पै लाएर मिलेर सुत्नुपर्छ ।' पवन भाइ

र म एकअर्कालाई पल्याकपुलुक हेर्‍यौं । आँखा उठाएर माथि चिर्पटतिर हेरैं, माथि उक्लिने बाटो देखिनँ, सायद अर्कोपट्टी थियो होला । त्यसपछि टंके मामाको सक्रियता अचानक बढेर गयो, उहाँले यताउता गरेर उहाँको आफन्तको घरमा लानुभयो, जहाँ हामी बडो आरामसाथ निदायौं ।

मानेभञ्ज्याङ्ग डाँडामाथि बसालिएको बजार (सानो सहर) हो, शिशिर याममा धेरै जाडो हुने गर्छ । यदि टंके मामा नभएको भए सायद अझ राम्रो ठाउँमा सुत्ने थियौं या त मानेभञ्ज्याङ्गको सिरेटोले ६ वर्ष अगाडिको मेरो निमोनिया बल्झिनेवाला थियो, केवल शंकामात्र गर्‍यौं ।

बिहान हामी उठ्दा टंके मामा गायब । सखारै आफ्नो काममा फर्किनुभएछ । राम्रोसँग उहाँलाई धन्यावाद दिन पनि नपाएकोमा न्यास्रो लाग्यो ।

त्यो दिन मानेभञ्ज्याङ्गमा बिहीबारे हाटको दिन थियो । बिहान हामीले पनि हाट भर्‍यौं । यत्तिकैमा गाउँबाट बुवा आइपुग्नु भयो । उहाँ कार्यक्रमको लागि भन्दा पनि गाउँपालिकामा आफ्नै कामको लागि आउनुभएको थियो । त्यसपछि हामीले खाना खाएर कार्यक्रम स्थलतिर पाइला बढायौं ।

हाम्रो देशमा हत्तपत्त निर्धारित समयमा कार्यक्रम सुरू नहुने परम्परालाई जीवन्त राख्दै तोकिएको समयभन्दा लगभग चार घण्टापछि कार्यक्रम सुरू भयो । चुलोमा आगो बालेर कार्यक्रमको उद्घाटन गरियो, आसन ग्रहण, स्वागत मन्तव्य लगायत केही औपचारिक मन्तव्यहरूपश्चात् ज्येष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण गरियो । 'इक लिब्जु-भुम्जु' पत्रिकाको नयाँ अंक र गत वर्षको कविता गोष्ठीमा सहभागी कविहरूबाट रचना गरिएका

कविताहरूको सँगालो 'सुरिम'को विमोचन भयो ।

त्यसपछि बल्ल मेरो पालो आयो । राष्ट्रिय गानका सर्जक व्याकुल माइलाको बाहुलीबाट पुरस्कार ग्रहण गरेँ, त्यसपछि कविता वाचन । यी सबै क्षणहरू मिठो स्मृतिको रूपमा मनमा सँधै रहिरहनेछन् । यसको लागि आयोजक वाम्रास नेपाल, वाम्बुले राई शिक्षक समाज तथा सम्पूर्ण वाम्बुले समुदायप्रति ऋणी छु ।

कार्यक्रम आफ्नो रफ्तारमा बग्दै थियो, पश्चिम डाँडापारि घाम लुकेपछि चिसो स्याँठ चल्न लाग्यो । माथि बौद्धडाँडाबाट गाउँसम्म फेरि कच्ची-भिरालो रोड सम्झेर म अत्तालिन थालेँ र कार्यक्रमबाट उम्किनु पर्ने बाध्यताले पिरोल्न थाल्यो । अन्त्यमा उम्कियौँ, कार्यक्रम अवधिभर बस्न नसकेकोमा क्षमाप्रार्थी छु ।

हेर्दाहेर्दै झमक्क साँझ पऱ्यो । अघिल्लो दिनदेखि खाएको खानाको एकमुष्ट बिल तिरेर हामी बाटो लाग्यौँ । निस्पट्ट अँध्यारो रात, वरिपरि जंगल, दायाँबायाँ चिहानघारी, उज्यालोको नाउँमा बाइकको टाउकोबाट निस्केको ज्योति बाहेक अरू केही थिएन । जब डुन्डु डाँडाबाट छ्याँडीतिर ओरालो झर्दै थियौँ । पर रोडको बीचमा एउटा कालो मानव आकृति हिँडिरहेजस्तै देखापऱ्यो । सानो छँदा थुप्रै पटक भुतप्रेतसँग जम्काभेट गरिसकेको म जस्तो मान्छेलाई त्यो आकृतिले झस्कायो ।

अझ नजिक पुग्यौँ । भुतप्रेत नभएर मान्छे नै भएको यकिन भयो । यस्तो राति एकलास ठाउँमा यसरी भौँतारिनुको उद्देश्य के होला ? मनमनमा शंका गरेँ । हातमा कुनै हतियार त छैन भनेर त्यस मान्छेप्रति एकदमै ध्यान केन्द्रित भयौँ । जब त्यस व्यक्तिको नजिक भएर अगाडि बढ्दै थियौँ, त्यतिबेला पो थाहा भयो, उहाँ त हिजो राति मानेभञ्ज्याङ्गमा सुताइको बन्दोबस्त मिलाइदिने टंके मामा पो रहेछन् । उहाँ पँखु गाउँको एउटा विद्यालयमा शिक्षकको रूपमा काम गर्नुहुँदो रहेछ । त्यसदिनको आफ्नो ड्युटी सकेर सानोजुरेस्थित घर फर्किँदै गर्नुभएको रहेछ ।

अघिल्लो रात उहाँले गर्नुभएको सेवाको निम्ति हृदयबाट नै मुरी-मुरी धन्यवाद दिँदै हामी छुट्टियौँ । उहाँलाई धन्यवाद भन्न पाएकोमा मन हल्का भयो । त्यसपछि हामी सोझै डोडेँनी मावली बोजुको घरतिर हान्नियौँ, जहाँ तातो मासुभात पकाएर आमाले पर्खिराख्नुभएको थियो । ■



सम्झनामा आशाजित मगर

■ **रेवती थापामगर**

ओखलढुंगा जिल्लाको मानेभन्ज्याङ एक प्रसिद्ध थुम हो । यस भेगको शैक्षिक विकासमा योगदान पुऱ्याउनु हुने व्यक्तिमध्ये आशाजित मगर हुनुहुन्थ्यो । उहाँको २०७५ असार २३ गते बेलायतको अल्डरसटमा निधन हुनुभयो । उहाँले पुऱ्याउनु भएको योगदान र समयकालबारे छोटकरीमा चर्चा गर्न लागिएको छ ।

वि.सं. २०१७ सालमा धिमिले निवासी अर्गबहादुर राईले आफ्नो गाउँमा विद्यालय स्थापना गर्नु भएको थियो । तर अध्ययन गर्ने विद्यार्थी नभएपछि २०१८ सालमा उहाँले त्यही विद्यालय मानेभञ्ज्याङमा स्थान्तरण गर्नु भएको थियो । २०२१ सालसम्म कुलबहादुर अधिकारीले स्कूल संचालन गर्नु भएको थियो । मानेभञ्ज्याङ निवासी आशाजित मगर २००७ सालमा ब्रिटिस सेनामा भर्ती हुनु भएको थियो । २०२१ साल २१ कार्तिकमा सेवाबाट अवकास हुनुभई

मानेभञ्ज्याङ फर्किनु भएको थियो ।

आशाजित मगरले पल्टनमा हुँदा शिक्षाको महत्व बुझ्न पाउनु भयो । शिक्षाको ज्योति फैलाउने काम आफ्नै जन्मथलो मानेभञ्ज्याङलाई केन्द्र बनाउने साइत जुऱ्यो । यहाँ सञ्चालन भएको स्कूलको व्यवस्थापन जिम्मेवारी २०२२ सालदेखि आशाजितले लिनुभयो । २०२३ सालबाट भूमि सुधार नियम लागू भयो । त्यसअघि आशाजितले स्कूल सञ्चालनका लागि हरेक घरधुरीबाट मुठी चन्दा उठाउनु हुन्थ्यो । जग्गाको हिसाबले एक मुठीदेखि २१ मुठीसम्म बिउ लाग्नेले १ रूपैयाँ, २१ देखि ४२ मुठी भएकाले २ रूपैयाँ चन्दा संकलन गर्ने नियम बनाएका थिए । तर रकम उठाउन सकेको थिएन । भूमि सुधार नियम लागू भएपछि गरिबबाट ५० पैसा, मध्यम वर्गबाट ७५ पैसा धनीमानीबाट १ रूपैयाँ चन्दा संकलन गरी श्री भगवती स्कूल संचालन गरेका थिए । स्थानीय लंकबहादुर अधिकारीलाई शिक्षक नियुक्त गरेका थिए । उनलाई महिनाको ७५ रूपैयाँ तलब दिएका थिए । उनले ३ हजार ७ सय रूपैयाँ उधारोमा पढाएका थिए । चन्दा उठाउनमा ठूलो भुमिका निर्वाह गरेका थिए, ओखरबोटका मताने बुढा अर्थात् बुद्धिकर्ण पुलामीले । मानेभञ्ज्याङ गाउँ पञ्चायतभरि जम्मा ४ सय ५० घरधुरी थिए त्यस बेला ।

२०२७ सालदेखि २०२८ सालसम्म निजी तवरले कक्षा ८ सम्म सञ्चालन गर्ने प्रयास गरेका थिए । तर सफल हुन सकेन । २०३८ सालसम्म निम्न माध्यामिक तहसम्म सचारू थियो । २०३८ सालमा ओखलढुंगा शिक्षा कार्यालयले २० हजार रूपैयाँ धरौटी नबुझाए स्कूल रामपुर सारिने जनाऊ दियो । उतिखेरका क्षेत्रीय जिल्ला सदस्य माधवपुर निवासी समाजसेवी टंकबहादुर अधिकारी र आशाजित मगरले जिल्ला सदरमुकाममा रहेका दुवैले त्यो जानकारी पाएका थिए । टंकबहादुर अधिकारीले दाइ तपाई मेरो घर माधवपुरमा गई आजै २० हजार लिएर आउनोस् भनेर सल्लाह गरेका थिए । त्यसरी रातारात हिडेर माधापुर गाउँमा अधिकारीबाट नगद लिएर शिक्षा कार्यालयमा बुझाएपछि मानेभञ्ज्याङको स्कूल रामपुर स्थान्तरण हुनबाट जोगाएका थिए, टंकबहादुर अधिकारी र आशाजित मगरले ।

माध्यामिक विद्यालय स्थापना गर्ने पहल अघि बढेको थियो । आशाजित मगर र उदयपुर निवासी बंखे अर्थात् ब्रिटिस आर्मीका भूपू क्याप्टेन टिकाबहादुर राई २०३८ सालमा काठमाण्डु शिक्षा मन्त्रालय पुगेर माध्यमिक तह संचालनको लागि स्विकृत लिनु भएको थियो । २०३९ सालदेखि माध्यमिक तहको पढाइ सञ्चालनमा आएको थियो । स्वीकृति पाएपश्चात् ३ वटा ब्ल्याक बोर्ड किन्न बिरगंञ्ज गएका थिए आशाजित मगर । माध्यामिक तह पढाउने शिक्षक खोज्न टंकबहादुर अधिकारी लागिपरेका थिए । टंकबहादुर र आशाजितले स्कूलको नाम भगवती जुराएका थिए र भगवतीको मन्दिर निर्माण गरे श्रमदानबाट । हाल मन्दिर जिर्ण अवस्थामा रहेको छ ।

उतिखेर विद्यालय भवन खरको छानो छाइएको थियो । आशाजितको अग्रसरतामा श्रमदानबाट नयाँ भवन बनाई ढुंगाले छाउने काम भएको थियो । जस्तापाताको छानोसहितको छात्रबास पनि निमार्ण गरेका थिए । रूम्जाटार एरिया वेल्फेरबाट रकम उपलब्ध गराएर अन्य भवन निमार्ण, विद्यार्थीलाई डेक्स र बेन्चको व्यवस्था गरेका

थिए । २०५० सालपछि उच्च माध्यामिक तह सञ्चालनमा आयो । त्यसनिम्ति आशाजित मगरले आर्थिक सहयोग दिनु भएको थियो । यसरी यहाँ कक्षा १२ सम्म पढाइदैछ । २०७५ सालदेखि श्री भगवती माविले बाली विज्ञान कार्यक्रम सञ्चालन स्वीकृति पाएको छ, त्यो भने सुन्न पाउनु भएन आशाजितले । यसरी मानेभञ्ज्याङको श्री भगवती मावि सञ्चालन गर्न मुख्य योगदान गर्नुभएका समाजसेवीहरू टंकबहादुर अधिकारी, आशाजित मगर र टिकाबहादुर राईको योगदान महत्वपूर्ण छ । उहाँहरू हामी माझ हुनुहुन्न । यद्यपि त्यत्तिकै महत्वपूर्ण योगदान दिनु हुने अर्गबहादुर राई र कुलबहादुर अधिकारी हुनुहुन्छ ।

आशाजित मगर र टंकबहादुर अधिकारीको पहलमा इलाका हुलाक कार्यालय र स्वास्थ्य चौकी स्थापना तथा अन्यत्र स्थानान्तरण हुनबाट जोगिएको थियो । भौगलिक दृष्टिकोणले ओखलढुंगादेखि मानेभञ्ज्याङ सुगम भएको उहाँहरूको तर्क युक्तिसंगत रहेको छ । यसैगरी मानेभञ्ज्याङको विकासमा साझा संस्था भवन (हाल- मिल घर) निर्माण गरे । बिगतमा यही घरबाट खाद्यान्न, मल र बिउबिजनहरू बाँडिन्थे । मंसिरे थुम्काको गोगन पानीबाट खानेपानी ल्याएका थिए । छोटी हुलाकबाट इलाका हुलाक कार्यालय । हेल्थपोस्ट । फुस्रेडाँडा भनिने अकस्ली पार्कको पाटामा भएको बृक्ष र सिद्धथान भनिने उज्यालो पार्कको नर्सरी निर्माण गरी वृक्ष रोपन गर्न लगाएका थिए । ओखरबोट निवासी नर्सरी नाइके बुढा अर्थात् बमबहादुर पुलामीलाई नर्सरी र वृक्षरोपन रेखदेख गर्न खटाएका थिए । सल्लेनी बनको पुरै क्षेत्र वृक्षरोपन गरेपनि डढेलो लागेर नष्ट भएको थियो । राष्ट्रिय वाणिज्य बैंक मानेभञ्ज्याङमा ल्याउनका लागि उल्लेखनिय भुमिका रहेको थियो ।

आशाजित मगर मानेभन्ज्याङ गाउँपञ्चायतको उपप्रधान र प्रधानपञ्चमा निर्वाचित भई जनताको सेवा गर्नु भएको थियो । ओखरबोट निवासी भांग्रा बुढा अर्थात् प्रजातन्त्रवादी नेता अडिमर्दन मगरलाई पञ्चायती व्यवस्थाविरूद्ध लागेको आरोपमा पक्रन र मार्ने षड्यन्त्र गर्दा बचाऊ गर्नमा आशाजित र टंकबहादुर अधिकारीको मुख्य भूमिका रहेको थियो ।

आशाजित मगरले २०४२ सालतिर हालको मानेभञ्ज्याङमा बिहीबारे हटिया बसाल्न सुरू गर्नुभएको थियो । उहाँले माथिल्लो रिचुवा र जेरूङ गाउँबाट केरा बेच्न ल्याउनु भनेका थिए । आफैंले किनेर हटिया भर्न आएकालाई बाँडेका थिए । मानेभञ्ज्याङ गाउँ नजिकका साँस्पुले राई र ओखरबोटे मगर्नीहरूलाई सेलरोटी पोल्न लगाए । रक्सी पारेर बेच्न ल्याउनु भनेका थिए, उदयपुरका गाउँलाई । साथै बिहीबारे हटिया लगाउने श्रेय उदयपुर निवासी फटुले अर्थात् बखतबहादुर राईको समेत योगदान स्मरणीय छ । जनयुद्व आरम्भ हुनु अगाडि मानेभञ्ज्याङमा बिहीबारे हटिया धेरै घुइँचो हुने गर्थ्यो । हालमा पनि दशै र तिहार छेकतिर पनि उत्तिकै घुइँचो हुने गर्दछ ।

गोर्खाली सेनालाई बेलायत बस्नका लागि सुविधा दिएपछि आशाजित मगर बेलायत बस्दै आउनुभयो । ७ जुलाई २०१८ (२०७५ असार २३ गते) बेलायतको अल्डरसटमा दिवंगत हुनुभयो । यसरी मानेभञ्ज्याङ बिहीबारे हटिया संस्थापक सम्झनामात्र रहेका छन् । ■

तस्विर : रोजन राई

सम्झनामा मुन्धुमी भगतबहादुर राई

■ **गणेश राई**

वाम्बुले राईहरूको इतिहास, लोकपरम्परा, मुन्धुमबारे जानकार हुनुहुन्थ्यो- मुन्धुमी भगतबहादुर राई । केही वर्षदेखि क्यान्सर र हालैमात्र पक्षघातबाट पीडित उहाँको ६६ वर्षको उमेरमा निधन भएको छ । वि.सं. २००९ साल फागुन ३० गते शुक्रबारमा ओखलढुंगा जिल्लाको मानेभन्ज्याङ गाउँपालिका-६ जाक्मा गाउँमा जन्मनु भएका मुन्धुमी राईको यही २०७५ कात्तिक ३ गते शनिबार राति १० बजे आफ्नै गाउँस्थित निवासमा निधन भएको हो । उहाँ वाम्बुले राईभित्रको भावाचाचो पाछाको हुनुहुन्थ्यो । उहाँ किरात वाम्बुले राईको मुन्धुम संस्कार, संस्कृति, परम्पराबारे जानकार हुनुहुन्थ्यो । उहाँ जिवित

छँदै वाम्बुले राई जातिको उत्पत्ति, पुर्खाहरू र किंबन्तीका रूपमा रहेको इतिहासका बारेमा भएको भिडियो अन्तर्वार्ताको अंश 'लिब्जु-भुम्जु' त्रैमासिक पूर्णाङ्क ७२ मा छापिएको थियो । केही अंश प्रकाशन हुन बाँकी छन् ।

अन्तर्वाताको क्रममा किरात वाम्बुले राईको गोत्र लासा या काशी नभई 'निनामसेरू गोत्र'का हौं भन्नु भएको छ । हाम्रो थर घामबाट रहेकोले अहिले वाम्बुले भने पनि खासमा ङ्अ्वाम्बुले हौं । उच्चारण गर्न गाह्रो हुने र उच्चारण गर्न नजान्दा वाम्बुले भनेका हौं । अन्य भाषी किरात राईहरूमा सामेत वा सामइ भन्ने चलन छ । वाम्बुले राईहरूको सामइ/सामेत के हो, कुन हो ? भनेर अन्य किराती दाजुभाइले सोध्ने गर्नुहुन्छ । त्यतिखेर वाम्बुलेजनहरू अकमकाउने गर्दछन् । किनभने मुन्धुम परम्परा छ तर सामेत भन्ने चलन छैन । मुन्धुममा फलाक्दा सातपुस्ता पितृपुर्खा पुकार्ने गरिन्छ । मुन्धुमी भगतबहादुर राई मतअनुसार वाम्बुले राईभित्र २ प्रकारको सामेत छन् । पाछाअनुसार दुधकोसीको सीमा उत्तर (ओखलढुंगा) लिब्जुतर्फ बसोबास गर्ने वाम्बुलेहरूको सामेत 'ब्राखेलु' हो भने दुधकोसीको सीमा दक्षिण (खोटाङ) भुम्जुतर्फ बसोबास गर्नेहरूको सामेत 'साधामी' हो । उत्पत्ति कथामा 'निनाम सेरू र ङ्अ्वाम सेरू' भनेर आफूलाई पहिचान गरिएका छन् । साधामी सामेतअन्तर्गत द्वाऱ्वाङ्चा, राभ्वाङ्चा, बिऱ्वाङ्चा हुन् भने अरू पाछाका वाम्बुलेहरूको सामेत ब्राखेलु अन्तर्गत पर्दछ । भनेर २०६४ सालमा प्रकाशित 'वाम्बुले राई जाति : भाषा र संस्कृति' नामक पुस्तकमा भन्नुभएको छ । स्वर्गीय मुन्धुमी भगतबहादुर राईको एक श्रीमती कमलसरी राई, दुई छोरा इच्छाकुमार राई (कावा गैराली) र दिपककुमार राई तथा एक छोरी सन्तुकुमारी राई हुनुहुन्छ । ■

लिब्जु-भुम्जु पत्रिकाको वार्षिक ग्राहक सूचना

वि.सं. २०५० मंसिर (सन् १९९३ जनवरी)देखि 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक पत्रिका प्रकाशन सुरू भएको हो । ७३ अंक प्रकाशनपछि अहिले २०७५ साल साउन-असोज अंकदेखि 'इक लिब्जु-भुम्जु' त्रैमासिकका रूपमा तपाईंको हातमा आइपुगेको छ । वार्षिक ग्राहक बनेर सहयोग गर्नुहुन हार्दिक अपिल गर्दछौं । वार्षिक ग्राहक महानुभावले वर्षमा चार अंक पाउनु हुनेछ । ग्राहकले अग्रीम भुक्तानीसहित नाम, थर, ठेगाना, फोन नम्बर, इमेल उपलब्ध गराएपछि पत्रिका हार्डकपी वा पीडीएफ फाइल पठाइने छ ।

वार्षिक ग्राहक शुल्क

नेपालमा रू. ३००/-, अष्ट्रेलियन डलर २०, सिङ्गापुर डलर २०, बेलायती पाउण्ड १२
कोरिया, जापान, क्यानडा, अमेरिका १६ अमेरिकी डलर, मलेसिया ४० रिङ्गेट, अरब मुलुक २५ दिराम/दिनार

सम्पर्क- प्रकाशक/सम्पादक

कार्यालय : वाम्रास भवन

महालक्ष्मी नगरपालिका-१ इमाडोल नयाँ बस्ती, ललितपुर, नेपाल ।

ठुले मास्टर अर्थात्
मानबहादुर राई

■ गणेश राई

ओखलढुंगा जिल्ला सदरमुकामदेखि दक्षिणमा परिचित एक नाम थियो- मानबहादुर राई । हिलेपानी गाउँमा ठुले मास्टर भनेर चिनिनुहुन्थ्यो । उनै समाजसेवी मास्टर मानबहादुर राईको ७२ वर्षको उमेरमा २०७५ पुस १२ गते राति ओखलढुंगाको सोक्मटार गाउँस्थित आफ्नै घरमा निधन भएको छ । उहाँ केही वर्षदेखि मस्तिष्कमा रगत जम्ने (हेमाटोमा) र मधुमेहबाट पीडित भएपनि डाक्टरको परामर्शअनुसार घरमै उपचार हुँदैआएको थियो ।

पिता बीरसिंह राईले जेठी रामेश्वरी र कान्छी महेश्वरी राई दिदीबहिनी विवाह गर्नुभएको थियो । उहाँको जन्म वि.सं. २००३ असोजमा वाम्बुले द्वान्वाङ्चा पाछामा भएको थियो । उहाँ बीरसिंह र रामेशवरी राईको जेठो छोरा हुनुहुन्थ्यो । घरपरिवारमा उहाँलाई चहसिं भनिन्थ्यो भने ठूले भनेर सम्बोधन गरिन्थ्यो । उहाँको दुई आमातर्फका जिवित सन्तानमध्ये जेठो हुनुहुन्थ्यो । दुई आमाका चार भाइ (स्व.सोमबहादुर (लहसिं), भबिलाल, स्व. लघुधन र अबिनाथ) र दुई दिदी र तीन बहिनी छन् ।

उहाँ आफूले नर्मल तालिमपछि एसएलसीसम्मको शिक्षा हासिल गर्नु भएको थियो । त्यसपछि हिलेपानी गाउँमा महादेवस्थान प्राथमिक विद्यालय शिक्षक र प्रधानाध्यापक भएर अढाइ दशकभन्दा बढी पढाउनु भयो । आफूले पढेर पढाउनु भएको परिवारका दुई भाइ लघुधन राई राष्ट्रिय सभाको पूर्वसांसद हुनुभयो भने अविनाथ राई नेपाल सरकारको उपसचिव हुनुभयो ।

मानबहादुर राईले १२ वर्षको उमेरमा खोटाङ च्यास्मिटारकी हर्कसरी राईसित माग विवाह भएको थियो । दम्पतिबाट नरेशकुमार र दिलिपकुमार गरी दुई छोरा छन् । त्यसैगरी आफू तन्नेरी भएपछि ओखलढुंगा जाक्माकी धनलक्ष्मी राईसित प्रेम विवाह गर्नुभएको थियो । दम्पतीबाट छोरी रूपासरी र छोरा प्रदिपकुमार राई छन् । प्रदिपकुमार राई अर्थात् माइला उच्च शिक्षा हासिल गरेसँगै २०६२/६३ को जनआन्दोलन परिवर्तनपछि 'सयौं थुँगा फूलका हामी एउटै माला नेपाली..' राष्ट्रगानका रचनाकार बन्न सफल छन् । उहाँकी श्रीमती धनलक्ष्मीको असामयिक निधनपछि कान्छी श्रीमतीका रूपमा मैरती राईसित विवाह गर्नु भएको थियो । दम्पतीबाट सन्तान जायजन्म भएन ।

पिता बीरसिंह राई २०३१ सालतिर टोक्सेल गाउँ पंचायतका प्रधानपन्च हुनुहुन्थ्यो । पिताको कार्यभार भने मानबहादुर राई आफूले सम्हाल्न सघाएको बताउनु हुन्थ्यो । उहाँ सानैदेखि सामाजिक सेवामा संलग्न राई शिक्षण पेसामा संलग्न हुनुभयो । हिलेपानी गाउँमा 'ठूले मास्टर'का रूपमा परिचित हुनुहुन्थ्यो, जसले गाउँघरको सानातिना असमझदारीलाई न्यायपूर्वक सामुहिक रूपमा छिनोफानो गरिदिने गर्नुहुन्थ्यो । उहाँलाई राई गाउँमा मात्र नभई छिमेकमा रहेका बाहुन, क्षेत्री, मगर समाजमा समेत उहाँको प्रशंसा र कदर गरिन्थ्यो ।

मास्टरी पेसाबाट अवकासपछि २०४९ सालमा तत्कालीन थाक्ले गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित हुनु भएको थियो । उहाँ नेपाली कांग्रेस पार्टीसँग संलग्न हुनुहुन्थ्यो । उहाँ आफ्नो राजनीतिक प्रेरक व्यक्तित्वका रूपमा पूर्वमन्त्री बलबहादुर राईलाई लिनुहुन्थ्यो । २०५६ सालमा ओखलढुंगा जिल्ला विकास समितिका सदस्यमा निर्वाचित हुनुहुन्थ्यो । उहाँ ओखलढुंगाको एक शिक्षाको अभियनता र समाजसेवीको रूपमा परिचित हुनुहुन्थ्यो ।

उहाँले आफू स्वस्थ रहँदै आफ्नो जीवनकालमा अनुभव गरेका र भोगेका विषयमा लिखित रूपमा उतार्नु भएको छ । केही अंश 'लिब्जु-भुम्जु' पत्रिकामा छापिएका छन् भने पुस्तकका रूपमा प्रकाशन हुन बाँकी छ । शिक्षामा उहाँको अगुवाईले गर्दा परिवारका सदस्यहरू शिक्षा आर्जनसँगै सांसद, सरकारको उपसचिव, राष्ट्रगानका रचनाकार कवि, पत्रकार, लेखक बन्न सफल छन् । २०५५ साल कात्तिक १ गते ओखलढुंगाको हिलेपानीस्थित महादेवस्थान निमावि (हाल- मावि)को प्रांगणमा पहिलो वाम्बुले राई भाषाको कविता गोष्ठी सम्पन्न भएको थियो । त्यो पहिलो कविता गोष्ठीको सभाध्यक्षता मानबहादुर राईले गर्नुभएको थियो भने अतिथिका रूपमा पूर्वप्रधानपन्च जयबहादुर राई, वडाध्यक्ष चन्द्रबहादुर राई, ज्येष्ठ सदस्य नन्दलाल राई, प्रधानाध्यापक लोकराज श्रेष्ठ हुनुहुन्थ्यो । कार्यक्रमको संचालन गणेश वाम्बुले राईले गरेका थिए । वाम्बुले भाषा संरक्षण अभियानमा मानबहादुर राईको साथ निरन्तर रहँदैआएको थियो । मानबहादुर राईको अन्तरवार्ता लिब्जु-भुम्जु पूर्णाङ्क ६७ मा वाम्बुले मातृभाषामा छापिएको छ भने नेपाली अनुवाद लिब्जुभुम्जु डटकम अनलाईनमा प्रकाशित छ । ■

संस्कृति जगेर्नामा वृत्तचित्रको महत्व

■ कुम्भराज राई

लोकतन्त्र प्राप्तिसँगै देशमा सूचना र प्रविधिले निकै फड्को मार्‍यो । यो अवधि नेपालका लागि मात्र नभएर संसारकै लागि पनि सूचना र प्रविधिको विकासमा स्वर्णयुग भन्दा अत्युक्ति नहोला । यही बिचमा युट्यूब, फेसबुक, ट्वीटर, इन्सटाग्राम जस्ता सामाजिक सञ्जालका विकास भए । गुगल, विकिपिडियामा सिमित इन्टरनेटका माध्यमले सहरदेखि गाउँका कुनाकन्दरा सम्म पहुँच विस्तार गरे । अहिले टेलिभिजन हेर्ने दर्शक भन्दा युट्यूब र फेसबुकमा भिडियो हेर्ने दर्शकको संख्या धेरै छ । हामी युट्यूबबाटै विभिन्न भाषा, सँस्कृति र परिवेशहरू हेर्न सक्छौँ । यसले सँसारलाई साँघुरो बनाएको छ । खाली मनोरञ्जनका लागि मात्र उपभोग नगर्ने हो भने यहाँबाट हामीले धेरै कुरा सिक्न सक्छौँ । अब तस्बिर खिचेर प्रिन्ट गरेर एल्बममा सजाउने युगको अन्त्य भएको छ । एल्बममा पानीले भिज्ला, पुरानो होला, फोटो बिग्रिएला भन्ने चिन्ता हुन छोडेको छ । इन्टरनेटमा अपलोड गरिएका तस्बिर र भिडियो अपलोड गर्ने व्यक्तिले नहटाएसम्म वर्षौं सम्म रहने समयको शुरूवात भईसकेको छ । प्रत्येक दशकको अन्तरमा इतिहासलाई इन्टरनेटमै सर्च गरेर फरक छुट्याउन सकिने अवस्था आइसकेको छ ।

हाम्रो परिवेश

संसारलाई प्रविधिले आफ्नो हातमा डोर्‍याईरहँदा हामीलाई त्यसले नछुने कुरै भएन । हाम्रा नयाँ पुस्ताहरूले आफ्नो भाषा संस्कारको चाहेर पनि जगेर्ना गर्न सकिरहेका छैनन् । नेपाली भाषा मात्र नभएर अँग्रेजी भाषाको दबदबाले गर्दा वाम्बुले बोल्नेको सँख्या झनै घटेको छ । अब हामीले प्रकाशन गरेको पुस्तक, पत्रपत्रिका र गीत सँगीतका एल्बमबाट मात्र हामी हाम्रो भाषा, सँस्कृति जोगाउन सकिने अवस्थामा छैनौँ ।

गतिलो माध्यम अब इन्टरनेट र सामाजिक सञ्जाल भइसकेका छन् । त्यसैले हामीले हाम्रा भाषिक गतिविधिलाई भिडियोको माध्यमबाट पोष्ट गर्न शुरूवात गर्न थाल्नुपर्छ । जुन माध्यम अहिले धेरै प्रभावकारी नभएपनि कुनै समयको अन्तरालमा अत्यन्तै महत्वपूर्ण हुन जान्छ । सँसारमा प्रत्येक दिन कुनै न कुनै भाषा लोप भइरहेका छन् । यस्तो सन्दर्भमा हाम्रो भाषा पनि लोप हुँदैन भन्न सकिन्न । त्यसैले हामीले हाम्रा भाषिक गतिबिधिलाई युट्यूब र फेसबुक जस्ता इन्टरनेटका सामाजिक सञ्जालमा पोष्ट गर्न थाल्यौँ भने अहिलेदेखिको हाम्रो भाषा संस्कार सयौँ वर्ष पछिका पुस्तालाई देखाउन सक्नेछौँ ।

वृत्तचित्रको महत्व

अब हामीले पनि हाम्रा वाम्बुले सँस्कृति र भाषालाई वृत्तचित्रको माध्यम उपयोग गर्नुपर्ने दिन आएको छ । हामीसँग भएका हाम्रा प्राचीन परम्पराहरू, कुल पितृ पूजाआजाहरू, साँस्कृतिक नाचगानहरूको वृत्तचित्र बनाउन आवश्यक छ । त्यसो भन्दैमा वृत्तचित्र बनेकै छैन भन्ने होइन । केही वृत्तचित्रहरू बनिसकेका छन् । तर अझै हामीले अरू पनि बनाउन सके र सामाजिक सञ्जालमा राख्न सके यसको प्रचारमा समेत ठूलो टेवा पुग्ने देखिन्छ । ढ्वाङकुम, खाउमो, न्वाँगी, सँगीना नाच, राम्दले, एकराते बजारदेखि विभिन्न हाम्रा सँस्कृतिहरूलाई वृत्तचित्रमा उतार्न जरूरी छ ।

वृत्तचित्र निर्माण त्यति सजिलो अवश्य छैन । यो खर्चिलो माध्यम भएकोले पनि यसमा लगानीको आवश्यकता पर्छ । कम्तिमा हाम्रो साझा सँस्था 'वाम्बुले राई समाज' मार्फत वार्षिक एउटा कुनै संस्कारको वृत्तचित्र निर्माणका लागि अग्रसरता हुन सकेमा केही वर्षमा हामीले हाम्रा प्रमूख संस्कारहरूलाई वृत्तचित्रमा उतार्न सक्नेछौँ । हाम्रो भाषा र संस्कार लोप होला कि भन्ने चिन्ता गर्ने सबै वाम्बुलेले आफ्नो दक्ष अनुसार लगानी गर्न सक्छौँ ।

वृत्तचित्र राम्रो र अध्ययनका साथ निर्माण सक्यौँ भने यो हाम्रो लक्ष्यमा मात्र सिमित हुँदैन । यसलाई हामीले अन्तराष्ट्रिय रूपमा प्रदर्शन र प्रवर्द्धन पनि गर्न सक्छौँ । यसबाट लाभ लिन सकिने सम्भावना पनि उत्तिकै रहन्छ । हामीलाई हाम्रो सँस्कार सामान्य लाग्छ तर सँसारलाई हाम्रो सँस्कार नयाँ र नौलो लाग्न सक्छ । त्यसैले यसलाई सँसारभर पुऱ्याएर हामी हाम्रो भाषा सँस्कारको प्रचार गर्न सक्छौँ । जसले हाम्रो पहिचानलाई फराकिलो बनाउनेछ ।

शुरू गरौँ

हामीले यी कुराहरू गर्दै गर्दा ठूला र महँगा वृत्तचित्रको परिकल्पना मात्र गर्न जरूरी छैन । हामीसँग उपलब्ध साधनबाटै सबैथोक गर्न सकिन्छ । तपाईसँग भएका हातेफोन (मोबाइल) बाटै पनि विभिन्न भिडियोहरू खिचेर अपलोड गर्न सक्नुहुन्छ । जसले हामीबिचमै ठाउँ र परिवेशको भिन्नताहरू बिचलाई छुट्याउन सजिलो हुन्छ । खोटाङको वाम्बुले र सुनसरीको वाम्बुले बिचको सँस्कारमा के परिवर्तन हुँदैछ ? वा उँबु र उदैपुर बीचमा कस्तो भिन्नता छ ? किन भिन्नता भए ? भन्ने कुराहरू थाहा पाउन सकिन्छ । आफ्ना भाषाका चुट्किला, कविता, अन्तर्वाता, गफगाफ, गीतहरू मोबाइलबाटै खिचेर इन्टरनेट र सामाजिक सञ्जालमा राख्न सकियो भने अन्य भाषिक समुदायले पनि चासो दिन सक्छन् । सिक्न सक्छन् । सिको गर्न सक्छन् । त्यसको अगुवा हामी हुन सक्छौँ । अब सँस्कृति लुकाएर संरक्षण गर्ने युग रहेन । सकेसम्म यसलाई सबैसामू प्रस्तुत गर्न सकेमात्र यसको संरक्षण गर्न सकिन्छ । त्यसैले हामीले आजैदेखि जे सक्छौँ जति सक्छौँ शुरू गरौँ । ■

वाम्रास भवनमा हामी

■ मेनुका राई

मेरो नाम मेनुका राई हो । म कक्षा ११ मा अध्ययन गर्छु । मेरो परिवारमा पाँचजना सदस्य छौं । हामी वाम्रास भवनमा बस्छौं ।

वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले ललितपुरको इमाडोलमा आफ्नो कार्यालय भवन बनाएको छ । यो भवनलाई वाम्रास भवन भनेर चिनिन्छ । महालक्ष्मी नगरपालिका वडा नं.१ इमाडोल नयाँ बस्तीमा रहेको छ । यो वाम्रास संस्था वि.सं.२०५४ साल मंसिर २० गते ललितपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको हो । वाम्रास संस्थाको केन्द्रीय कार्यालय यही भवनमा रहेको छ ।

वाम्रास भवन पाँच तलाको छ । यस भवनको रंग कलेजी र निलो रहेको छ । भुइतला भाडामा दिइएको छ । त्यसभन्दा माथि चिमाली हल रहेको छ । यो हलमा बाँसुरी दिवस, पुस्तक विमोचन, युवा प्रशिक्षण दिने गरिएको छ । तेस्रो तलाको तीनवटा कोठालाई नामाकरण गरिएका छन् । त्यसमा अगमसिंह कक्ष, डिकमाया कक्ष र सूर्यमाया कक्ष रहेका छन् ।

चौथो तलामा जोजनमाया कक्ष, मोदीमाया कक्षा र मक्कामाया कक्ष नामाकरण गरिएको छ । सबैभन्दा माथिल्लो पाँचौ तलामा हाम्रो परिवार बसेको छ । त्यसभन्दा माथि छतमा पुगेर काठमाडौं उपत्यका चारैतिर रमिता हेर्न सकिन्छ ।

वाम्रास भवन सबैको साझा चौतारी जस्तै हो । देश, विदेशमा रहनु भएको वाम्बुले राईहरू यही भवनमा भेटघाट गर्ने ठाउँ बनेको छ । वाम्रास संस्थाले लिएको धेरै उद्देश्यहरू छन् । कतिपय उद्देश्य पूरा गरिसकेको छ भने धेरै बाँकी छन् ।

वाम्बुले राई भाषिक समुदायको मुख्य तथा ऐतिहासक बसोबास थलो ओखलढुंगाको उँबु, वाक्सा, मोली, केतुके, मानेभन्ज्याङ, माधवपुर, टोक्सेल, थाक्ले गाविस हो । यो ठाउँ अहिले मानेभन्ज्याङ गाउँपालिकामा गाभिएका छन् । त्यसैगरी खोटाङ जिल्लाको बाहुनीडाँडा, च्यास्मिटार, डिकुवा गाविसमा वाम्बुले राईको बसोबास रहेको छ । यो ठाउँ अहिले हलेसी तुवाचुङ नगरपालिकामा गाभिएको छ । उदयपुर जिल्लाको लेखानी, सोरूङ छबिसे, मयाँखु, बसेरी, कटारी, लिम्पटार, रिस्कु, च्याँगा लगायत ठाउँमा वाम्बुले राईहरूको बसोबास रहेको छ । अहिले कटारी नगरपालिकामा गाभिएका छन् । सिन्धुली जिल्लाको तिनकन्या, ककुरठाकुर, लदाभिरलगायत ठाउँमा पनि वाम्बुले राईहरू रहेका छन् । सुनसरी, सर्लाही, सिरहा, मोरङ, झापा, इलाम, धनकुटा, तेह्रथुम, भोजपुरमा पनि वाम्बुलेको बसोबास रहेको छ ।

वाम्रास भवनमा बसेपछि धेरै वाम्बुले राईहरूसँग भेटघाट हुने गरेको छ । वाम्बुले राईको द्वाङ्कुमो चाड, देउसी, बाँसुरी दिवसलगायत भेलाहरूमा सहभागी हुन पाएको छु । वाम्बुले भाषा बोल्नेहरूको भेटघाट हुने गरेको छ । यहाँ बसेपछि आफ्नो संस्कृति, रीतिरिवाजको बारेमा बढी चासो बढेको अनुभव गरेकी छु । कुनै पनि चाडवाड आउँदै गर्दा वाम्रास भवनमा भेला भएर सरसल्लाह गर्नुहुन्छ । यसरी भेला हुने, सल्लाह गर्ने कार्यक्रम गर्ने ठाउँ बनेको छ । ■

मानिमें आबा

■ भरना वाम्बुले राई

मानिमे आबा कावा
इम बर पीपल चौतारालो
ढैली पुचिम
दिनभरि ग्लाक्चाम् योर पासै
रात दुम्पान्चिमे
साँराबस्तु सामिमाखो
उपो साइलाङ बालिनालि जाम्में !

मानिमे आबा कावा
इ कुडु गाठ्ठो गाँमाखो
क्वायोङ क ख परैपाफु स्कुल दिंचिमें
क्वाड् बेन्चालो बाँचिमाखो
ए बि सि चेइँचिमें
हुइसा पाचाम
साग्बारा फुरि प्याक्चाम देन्चिमाखो
स्कुलल्वाङ प्रौंचिमें
इन्वा आँदिस्ना
क्वायोङ मास्टरङा
कुब्जा जुचिमें !

मानिमे आबा कावा
उपो काइला कुडुल्वा
खाउमोल्वा मासिमे
सिल्लि पुचिमें
ह्याम्कान्छि कुडु डुब्लोल्वा
संगिना चाम्डो डिचिमें !

पाप्जेठाङ कुडुल्वाम न्वाँगिल्वा
कझेरि पाफु दिचिमें
भन्ज्याङ जातुरल्वा
त्वाप्चाम देन्चिमाखो
उपो कान्छा बिलो
बिनायो, मचङ्गा च्वाक्सि राँचिमें !

कावा उन डा माइँम् ह्वाला
उङ्गु डा मानिमें आबा
साउने खोलाल्वा ठेयुङमाख् ख्राँबोल्
इम्बोल उङगुनोम्से उनुइ खाम्नुम् थि
मुयो न्वा खिसापालो या ख्लयाइम थि
आ काकड्आखो क्र्याम्खो या
स्याति गाइम् थि
उङगु न्वा क्वायोङ हाल्सि माल्नुम्
क्वायोङ बाक्सि माल्नुम्

त्यापिपि प्लिइमाखो ल्वानुम्
ञिमङिम् बाया कि आबाया ?
आः ञ्वाम्फु या आब्लान्नु
उङगु फोन या आपाइँ
फेसबुकल्वा या आहिम्नि
उनुखो डा माइम् स्याम्डा
उङगु डा मास्सि चाम्निमें आबा कावा !

त्याप्पि- इमाडोल, ललितपुर्

कामपरे भानिस

■ अविनाथ राई

याकाम्यानि फोनाङ् घन्टि राःम । ब्सिसिपिसै नम्बर कोःम । आसेइबुन्चो नम्बर । फुउ कि आफुउ- नामत्वाम दुङ्म । कलाहा पापास्सिल्वाङ् बर् फुउम् द्याङ्माखा फुउम् ।

'हलौ ...!' ह्वामस्यालाङ् कालवाक्ति आसेइबुन्चो स्वान्द्वाम ।

'हलौ ...!' आमस्यालाङ् य्वाक्का स्वान्द्वामख्वा लिब्बे ।

'उन् पाचि तिनुम ?' क्वालचोटेख् राढु योरख्वा चेला पाङ्तिम ।

'आचु पाचि ?' आङ् त्वाम क्वासि मालुङ्म ।

